स्तन क्यान्सरका लक्षणहरू
- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ ०७ गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2025 January 20 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४३

बहुदरमाई नगरपालिकामा बेथिति कायमै

तलब नपाएका शिक्षकहरूले विद्यालय बन्द गरे

नेपाल शिक्षक महासंघ
जिल्ला समिति, पर्सा
बहुदरमाई न.पा.को सम्पूर्ण सामुदायिक विद्यालय हरूको साँचोहरू (KEYS) हस्तान्तरण कार्यक्रम

प्रजिअ अर्याललाई साँचो बुझाउँदै अध्यक्ष यादव (दायाँ) । तस्वीरः प्रतीक

प्रस, वीरगंज, ६ माघ/

नेपाल शिक्षक महासङ्घ, जिल्ला समिति, पर्साले आइतवार बहुदरमाई नगरपालिकाका शिक्षक, कर्मचारीहरूको तलबभत्ता उपलब्ध नगराएको विरोधमा सम्पूर्ण विद्यालय बन्द गर्दै प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई साँचो सुम्पेको छ ।

महासङ्घ, पर्साका अध्यक्ष तीर्थराजप्रसाद यादवले बहुदरमाई नपामा कार्यरत शिक्षक, कर्मचारी, बालविकास सहयोगीकर्ताहरूको तलब साउनदेखि पुस मसान्त छ महीना अवधिसम्म उपलब्ध नभएको र यो कार्यबाट शिक्षा क्षेत्रमा प्रतिकूल असर परेको भन्दै यस अघि चरणबद्ध आन्दोलन भएको बताए। सोही क्रममा आज बहुदरमाई नपाका सबै सामुदायिक विद्यालयमा तालाबन्दी गरी साँचो प्रजिअ अर्याललाई बुझाएको हो । महासङ्घको आह्वानमा माघ २ गते बुधवारदेखि बहुदरमाई नपामा रहेका सामुदायिक विद्यालयका शिक्षकहरूले तीन दिन अर्थात माघ ४ गते शुक्रवारसम्म चार घण्टी मात्र कक्षा सञ्चालन गरेका थिए। यसैगरी, आज सबै विद्यालय बन्द गरेर वीरगंजमा प्रदर्शन गर्दै जिप्रकामा पुगी प्रजिअ अर्याललाई बन्द विद्यालयका साँचो सुम्पेका थिए ।

छ महीनादेखि तलब नपाएर शिक्षक, कर्मचारीहरूले छोराछोरीको शुल्क तिर्न नसकेको, घरखर्च धान्न अप्ठेरो भएको, जिन्सी सामानहरू राखेर ऋण लिनुपरेकोलगायतका समस्याहरू सिर्जना भएको, त्यसतर्फ नगरपालिका अनभिज्ञ देखिएको भन्दै नेपाल शिक्षक महासङ्घले आन्दोलन शुरू गरेको हो ।

बहुदरमाई नपामा गत कात्तिक ८ गते नगरसभा सम्पन्न भएको थियो । असार १० गते हुनुपर्ने नगरसभा नगरप्रमुख सिंहासन साह तेली र उपप्रमुख सुषमा कुशवाहाबीचको विवादका कारण हुन सकेको थिएन । यसैबीच, प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तफाले स्वास्थ्यकर्मी नियुक्तिका लागि लिएको परीक्षाफल प्रकाशित गरेपछि नगरप्रमुख तेली रिसाएका थिए। नगरप्रमुख तेलीले प्रप्रअ मुस्तफाको सरुवा हुनुपर्ने अडान लिएका छन् भने उपप्रमुख कुशवाहासमेत बहुमत बोर्ड सदस्यहरू प्रप्रअको सरुवा नगराउने अडानमा छन् । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री राजकुमार गुप्ताले प्रप्रअ मुस्तफाको अवधि दुई वर्ष नपुगेको भनेर सरुवा गर्न मानेका छैनन् ।

बहुदरमाई नपामा यसअ घि विद्यार्थीहरूले नपा कार्यालयमा तोडफोड गर्दै आगजनी गरेपछि करीब एक करोड मूल्यको क्षति पुगेको थियो। यो पालिकामा गत जेठदेखि नै विवाद बढ्दै गएको र कात्तिकमा जनप्रतिनिधिहरूबीच सहमति बनेर नगरसभा भएपनि त्यसको प्रमाणीकरण नगरप्रमुखले अहिलेसम्म नगरेकाले मन्त्रालयले खाता सञ्चालन गरेको छैन । नगरप्रमुखले नगरसभाको प्रमाणीकरण नगरुन्जेलसम्म मन्त्रालयले खाता सञ्चालनको अनुमति दिंदैन। खाता सञ्चालनमा नआएकै कारण बहुदरमाई नपामा आर्थिक कारोबार ठप्प छ । सामाजिक सुरक्षा भत्ताबाहेक अहिले कुनै पनि आर्थिक कारोबार नभएर कर्मचारीहरूले पनि तलब पाएका छैनन् भने ठेकेदारहरूले भुक्तानी अभावमा विकास निर्माणका कार्यहरू ठप्प पारेका छन् ।

निवृत्तिभरणबाट वञ्चित शिक्षकहरूद्वारा अध्यादेशको विरोध

बलिराम शुक्ला, बिरुवागुठी, ६ माघ/

सरकारले जारी गरेको अध्यादेशमा शिक्षकलाई योगदानमा आधारित निवृत्तिभरण कोषमा सहभागी गराउने व्यवस्था खारेज गर्न माग गर्दै आइतवार निवृत्तिभरण वञ्चित शिक्षक समूह जिल्ला सङ्घर्ष समिति पर्साले जिल्ला प्रशासन कार्यालय र शिक्षा विकास तथा समन्वय एकाइ पर्सामा ज्ञापनपत्र बुझाएको छ ।

सङ्घर्ष समितिले ज्ञापनपत्रमा अध्यादेशमा गरिएको व्यवस्था विभेदकारी भएको भन्दै खारेजीको माग गरेको छ । सरकारले गत पुस २९ गते जारी गरेको सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवाप्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ का केही बुँदा स्वागतयोग्य भएपनि योगदानमा आधारित निवृत्तिभरण कोष ऐनको परिच्छेद ४ को ९ (क)मा (क १) थप गरी शिक्षक सेवा भन्ने विषय थप गरेको र सो प्रावधानले २०७५/१२/०४ पछि नियुक्ति पाएका शिक्षकहरूलाई भूतप्रभावी कानून लागू गर्ने अध्यादेश जारी गर्नु आफैंमा गलत, अन्यायपूर्ण र घोर आपत्तिजनक रहेको सङ्घर्ष समिति पर्साका सचिव बिन्दुभूषण साहले बताए।

सेवा अवधि अपुग भई निवृत्तिभरणबाट वन्चित हुने (अस्थायी, राहत, करार) शिक्षकहरूको समेत नपुग सेवा अवधि गणना गरी पुरानै प्रणाली अनुसार निवृत्तिभरणको व्यवस्था लागू गर्न माग गरिएको उनले बताए । नयाँ सङ्घीय शिक्षा ऐन जारी नहुँदाका बखतसम्म पुरानै निवृत्तिभरण प्रणाली लागू गर्न र नयाँ ऐन जारीपछि मात्र शिक्षकहरूका लागि योगदानमा आधारित निवृत्तिभरण कोष ऐन लागू गर्न माग गरिएको उनले जानकारी गराए ।

विद्यालय शिक्षा विधेयक २०८० संसदीय शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा परामर्श चरणमा छलफल भइरहेको अवस्थामा सम्बन्धित सरोकारवालाहरूसँग छलफल नै नगरी सरकारले अध्यादेश जारी गर्नु गलत भएको सङ्घर्ष समिति पर्साका संयोजक रामबालकप्रसाद यादवले बताए। विगतमा शिक्षकहरूको साझा सङ्गठन नेपाल शिक्षक महासङ्घसँग भएका विभिन्न सम्झौताहरू अक्षरशः सम्बोधन हुनुपर्ने निवृत्तिभरणबाट वञ्चित शिक्षकहरूको माग छ ।

उक्त प्रावधान खारेज नभए सशक्त आन्दोलन गर्ने शिक्षकहरूले चेतावनी दिएका छन् ।

श्रमजीवी पत्रकार सङ्घको अध्यक्षमा पटेल

नेपाल पत्रकार महासंघ

प्रस, वीरगंज, ६ माघ/

खानेपानीमन्त्री प्रदीप यादवले सरकारले श्रमजीवी पत्रकारहरूको लागि सरकारले ठोस योजना बनाइरहेको बताएका छन् ।

श्रमजीवी पत्रकार सङ्घ पर्सा जिल्ला कार्यसमितिका पदाधिकारी, सदस्यहरूको आइतवार घोषणासभामा उनले श्रमजीवी पत्रकार ऐनमा केही परिवर्तन आवश्यक भएकोले सरकारले सोको गृहकार्य गरिरहेको बताए । उनले देशभरि नै श्रमजीवी पत्रकारको हकमा चुनौती रहेको बताए। सरकारले एकद्वार प्रणालीबाट विज्ञापन वितरण गरेको खण्डमा श्रमजीवी पत्रकारलाई फाइदा पुग्ने बताए। उनले पछिल्लो समयमा पत्रकारिता क्षेत्र आर्थिकरूपमा सङ्कटग्रस्त बनेको जिकिर गर्दै पर्सामा विज्ञापनका लागि स्थानीय सरकारसँग समन्वयकारी भूमिका खेलेको खण्डमा पत्रिकाहरूको आर्थिक अवस्थामा सुधार हुन सक्ने सम्भावना रहेको बताए ।

श्रमजीवी पत्रकार सङ्घ पर्साका अध्यक्ष राजाप्रसाद कुर्मी (आरके पटेल)को अध्यक्षतामा भएको घोषणासभामा नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष श्याम बन्जारा, शाखा अध्यक्ष ओमप्रकाश खनाल, सदस्य अजित भुजेल, रितेश झा, समाजवादी प्रेस सङ्गठनका केन्द्रीय सदस्य मनोज पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

नवगठित १५ सदस्यीय श्रमजीवी पत्रकार सङ्घ पर्सा जिल्ला कार्यसमितिको उपाध्यक्ष विमला गुप्ता, प्रणय साह, सचिव नितेशकुमार कर्ण, सहसचिव अर्जुन गुप्ता, विशाल यादव, कोषाध्यक्ष दीपक कुशवाहालगायत सदस्यहरू छन् ।

आठ सूत्रीय मागसहित गापाध्यक्षलाई ज्ञापन

प्रस, भिस्वा, ६ माघ/

नेपाली काङ्ग्रेस छिपहरमाई गाउँपालिका समितिले आइतवार गापाध्यक्ष मनोज गुप्तालाई आठ सूत्रीय मागसहितको ज्ञापनपत्र बुझाएको छ ।

नेका छिपहरमाई गापा सभापति धुरेन्द्रप्रसाद कानू नेतृत्वको टोलीले आज गापाध्यक्ष गुप्तालाई चीसो बढेकोले चोकचोकमा दाउरा वितरण गरी आगो ताप्ने व्यवस्था गर्न, विद्यालय व्यवस्थापन समिति गठन गर्न, ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्न, विद्यार्थीहरूको अनुपातमा शिक्षकहरूको व्यवस्था गर्न, जयमङ्गलापुर जाने बाटोमा पुल निर्माण गर्न, किसानहरूलाई सिंचाइका लागि विद्युत्का साथै आवश्यक परेको बखत मलको व्यवस्था गर्न मागसहित ज्ञापन बुझाए ।

ज्ञापनपत्र बुझ्दै गापाध्यक्ष गुप्ताले सात दिनभित्र माग सम्बोधन हुनेगरी कार्य गर्ने र सोको जानकारी गराउने आश्वासन दिएका थिए ।

नेता गिरीको निधन

प्रस, परवानीपुर, ६ माघ/

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पर्सा क्षेत्र नं ३ का निर्वाचन परिचालन कमिटी

(बाँकी अन्तिम पातामा)

कृषि विकास बैंकको वार्षिकोत्सवमा रक्तदान

खुल्ला रक्तदान कार्यक्रम

प्रस, वीरगंज, ६ माघ/

कृषि विकास बैंकको ५८औं वाषिकोत्सवको अवसरमा कर्मचारी सङ्घ प्रदेश समिति वीरगंजको आयोजनामा आइतवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

वीचिकालिस्थित बैंक परिसरमा आज आयोजित रक्तदान कार्यक्रममा दुईजना महिलासहित १९ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

उनले कार्यक्रममा सुनीता जैसवाल, कल्पना उप्रेती, पुरन चौधरी, सुदर्शन अधिकारी, पप्पु यादव, राजु साह, खगेन्द्र न्यौपाने, नगेन्द्र पटेललगायतले रक्तदान गरेको बताए ।

हार्दिक श्रद्धाञ्जली

जन्मः
बि.सं. २००२

स्वर्गारोहणः
बि.सं. २०८१/०९/२४

स्व. विष्णु देवी श्रेष्ठ

यस कम्पनीमा कार्यरत **श्री किरण कुमार श्रेष्ठ ज्यू**को ममतामयी आमा **विष्णु देवी श्रेष्ठ**को मिति २०८१/०९/२४ गतेका दिन असामयिक निधन भएको आज **१३ औं दिन**को पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

Shine Pharma Pvt. Ltd.
साईन फर्मा प्रा. लि., परिवार , वीरगंज

प्रतीक

विचारसार र सूक्तिहरू

साथ दिनेले कहिले परिस्थिति कस्तो छ भनी हेर्दैन, परिस्थिति हेर्नेले बरु कहिले साथ दिंदैन ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

गत वर्षको तुलना चीसो भएन

यस वर्ष गत वर्षको तुलनामा चीसो कम भएको छ । अहिले माघको पहिलो साता बित्न लाक्दा पनि गत वर्ष सरह तापक्रम घट्ने सम्भावना छैन । अहिले मुलुकका प्रायः सबै स्थानमा चीसो बढे पनि गत वर्ष जस्तो चीसो भने भएकै छैन। अहिले विशेषगरी बिहान र बेलुका चीसो हुने र एक दिन बिराएर घाम लाग्दै आएकोले यस वर्ष उत्पाद चीसो हुन नसकेको हो । तराईमा अहिलेसम्म साताव्यापी शीतलहर चल्न सकेको छैन। दुई दशक अघिसम्म शीतलहरले उत्पात मचाउने यहाँ अहिले राति आकाश खुला हुने र शीत पर्ने हुँदा साँझभन्दा बिहानीपख चीसो बढी हुने गरेको छ । तराईमा शीतलहरले कहर नमचाए पनि उच्च पहाड र हिमालमा हिमपात शुरू भइसकेको छ। विशेषतः पुस र माघ महीनामा तराई क्षेत्रमा बढी चीसो हुने गर्थ्यो । केही उच्च हिमाली भागमा सामान्य हिमपात शुरू भएको छ भने तराई क्षेत्रमा नाम मात्रको हुस्सु लागेको छ ।

जाडोयाम विपन्न परिवारको लागि महासङ्कट नै बनेर आउँछ । तराई–मधेस क्षेत्रमा चीसोका कारण हरेक वर्ष सर्वसाधारणले अकालमा ज्यान गुमाउँदै आएका थिए तर यस वर्ष त्यस्तो विपद् कम छ। एक दिन चीसो अर्को दिन घाम लाग्दै आएको कारण यहाँका शैक्षिक संस्था पनि नियमित हुन सकेका छैनन् । पर्सा, बारा, रौतहटमा चीसोका कारण वर्षे बिदाबाट कट्टा हुनेगरी अहिलेसम्म दुईपटक बिदा दिइएको छ तर चीसो भएर बिदा दिएको दिनदेखि घाम लागेर तापक्रम बढ्ने क्रम पनि जारी छ । पछिल्लोपटक पर्सा जिल्लाका केही विद्यालयहरू माघ ४ गतेदेखि सञ्चालनमा आएका छन् । विद्यालय सञ्चालनमा आएपछि शनिवारदेखि चीसो बढेको छ। चीसोको समयमा मुटुरोग, रक्तचाप तथा हृदयघात, फोक्सोमा समस्या अर्थात् श्वासप्रश्वास प्रणालीमा अवरोध, ग्यास्ट्रिक, हाड तथा नसाका समस्याले सताउने गर्छन् । चिकित्सकहरू चीसोमा निमोनिया, रुघाखोकी, ज्वरोलगायत समस्या आउने बताउँछन् । तसर्थ चीसोको बेलामा बालबालिका, ज्येष्ठ नागरिक, विकलाङ्ग, असहायहरूप्रति विशेष ध्यान दिन आवश्यक छ । कतिपय सम्पन्न वर्गका व्यक्तिहरू पनि चेतना अभावका कारण जाडोविरुद्ध बचावका उपाय अपनाउन नसक्दा जोखिम बेहोर्दै आएका छन् । शीतलहर हावापानीजन्य मौसमी प्रकोप हो । हरेक वर्ष तराई–मधेसमा जाडोयाममा शीतलहर लाग्ने र जनधनको क्षति हुने गरेको कुरा कोहीसँग लुकेको छैन ।

चीसोले जनस्वास्थ्य, आवागमन, खेतीबाली र पशुपक्षीको स्वास्थ्यमा समेत असर गर्ने हुँदा शीतलहरको कहर तराईमा गम्भीर विषय हो । बितेको तीन दशकमा शीतलहरबाट हुने क्षतिको परिमाण बढ्दै गएको छ। तर पनि यसबाट जोगिनका लागि सचेतना अभियान भने फितलो छ। विपद्बारेमा सचेतना कार्यक्रम गरी चीसोबाट पीडित समुदायलाई न्यानो कपडाको व्यवस्था गर्दा राम्रो हुन्छ। तर अहिलेसम्म पुरानो अवस्थामा सुधार ल्याएर नयाँ उपायहरूको खोजी गरी विपद्बाट हुने जोखिम कम गर्न सकिएको छैन । पालिकाहरूले चीसोबाट जोगिनका लागि चोकचोकमा दाउरा वितरण गरेर आगो ताप्ने व्यवस्था गरेका छैनन्। यसैगरी पर्सामा विपद् व्यवस्थापन समितिले राहत वितरणमा एकद्वार प्रणाली बनाएर चीसोको समयमा आवश्यक पर्ने सबैलाई राहत पुगोस् भन्ने उद्देश्य राखेको छ । प्रशासनिक पाटोमा मात्र विश्वास गरेर ढुक्क हुने अवस्था छैन। तसर्थ यसमा नागरिकहरू आफैं पनि सचेत हुन जरुरी छ ।

निजी विद्यालयमा देखिएका समस्या

शिक्षा नेपाल

अनन्तकुमार लाल दास

anantlaldas@gmail.com

निजी विद्यालयले शिक्षाक्षेत्रमा पुऱ्याएको योगदानलाई नकार्न सकिंदैन। सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा दिइने शिक्षा गुणस्तरीय रहेको कुरा एसइई परीक्षाको परिणामले देखाउँछ । एसइई परीक्षामा विशिष्ट ग्रेडमा उत्तीर्ण हुने विद्यार्थीहरूमध्ये ८५ प्रतिशत विद्यार्थी निजी विद्यालयका हुने गर्छन् । तथापि देशका २० प्रतिशत विद्यार्थी मात्रै निजीमा अध्ययन गर्छन्। निजी विद्यालयले हासिल गरेको सफलताको पछाडि लगानीकर्ताको व्यवस्थापकीय क्षमता, शिक्षकहरूको कठोर परिश्रम, विद्यार्थीहरूको लगनशीलता र अभिभावकको लगानीले सबैभन्दा महत्त्वपूर्ण भूमिका खेल्छ ।

तर गुणस्तरीय शिक्षा दिएको कुरा भजाएर निजी विद्यालयका सञ्चालकहरूले अभिभावकहरूबाट मोटो रकम पनि असुल्ने गरेका छन् र सफलताको जस पनि एक्लै लिन खोज्छन्। शिक्षकहरूको परिश्रम र योगदानलाई निजी विद्यालयले कदर गर्न खोजेको विरलै देखिन्छ । सफलताको सम्मान थाप्न विद्यालयका सञ्चालक अघि सर्छन् भने कुनै विषयमा विद्यार्थी कमजोर भएमा त्यसको सजाय शिक्षकलाई दिन्छन्। देशभरमा झन्डै ९ हजार निजी विद्यालयमा २२ लाख ५० हजार विद्यार्थी तथा १ लाख ५० हजार शिक्षक तथा कर्मचारीहरू कार्यरत रहेको अनुमान गरिएको छ । तर निजी विद्यालयलाई गुणस्तरीय शिक्षाको पर्याय बनाउन अहोरात्र खट्ने शिक्षक समस्या समाधान गर्नेबारे अपवादबाहेक कसैको पनि ध्यान गएको पाइँदैन।

शिक्षा ऐन तथा नियमावलीले निजी विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया तय गरेको छ । जस अनुसार संस्थापक वा लगानीकर्तामध्ये महानगर शिक्षा प्रमुखले मनोनीत गरेको अध्यक्ष एकजना, महिला अनिवार्य हुने गरी दुईजना अभिभावक, शिक्षाप्रेमी, समाजसेवीमध्येबाट एकजना, सम्बन्धित क्षेत्र हेर्ने विद्यालय निरीक्षक पदेन सदस्य, शिक्षक कर्मचारीहरूले आफूमध्येबाट छानेका एकजना र प्रधानाध्यापक पदेन सदस्य सचिव रहनेगरी सातजनाको व्यवस्थापन समिति रहनुपर्छ । तर ९० प्रतिशतभन्दा बढी विद्यालयहरूमा यो प्रावधान अनुसार व्यवस्थापन समिति छैन। समिति गठन गरिएका विद्यालयमा पनि शिक्षक कर्मचारीको भेलाले छानेका भन्दा पनि सञ्चालकले राखेका व्यक्तिहरूको दबदबा हुन्छ । अधिकांश निजी विद्यालयहरूमा विद्यालय सञ्चालन नियमावली विद्यालय चार्टर जारी गरिएको छैन । वि.सं.२०५२ सालमा महानगरका एउटा विद्यालयले विद्यालय चार्टर तयार गरी आफूकहाँ लगाएको थियो र सोही वर्ष प्याब्सन अन्तर्गतका विद्यालयहरूमा पनि लगाउन खोज्दा प्याब्सन नै दुई भागमा बाँडिएको थियो । जुन विद्यालयले चार्टर बनाएको थियो त्यो विद्यालय बिक्री भएपछि चार्टर कुनामा थन्कियो। यसले गर्दा विद्यालय सञ्चालकहरूलाई मनोमानी ढङ्गले चल्ने मार्ग प्रशस्त भएको छ।

निजी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीले अहिलेसम्म नियुक्तिपत्र पाएका छैनन् । कुनै–कुनै विद्यालयले नियुक्तिपत्र दिए तापनि त्यो करारपत्र अथवा शर्तनामा जस्तो देखिन्छ। त्यसमा शिक्षक कर्मचारीले के–के गर्न नहुने जस्ता कुरा बढी हुन्छ । करारनामा अनुसार शिक्षकले संस्थापकको आदेश पालन गर्नुपर्ने, बिदाको दिनमा पनि बोलाइयो भने उपस्थित हुनुपर्ने, शिक्षा नियमावलीले दिएको बिदा सञ्चालकको तजबीजमा पाइने आदि। यो एउटा उदाहरण मात्र हो । शिक्षा नियमावलीमा सरकारले तोकेको तलबमा नघटाई दिने प्रावधान छ। त्यस्तै क र ख श्रेणीका विद्यालयले २५ र १५ प्रतिशत तलबमा थपेर दिने प्रावधान छ।

तर विडम्बना के छ भने देशभरका धेरैजसो विद्यालयहरूले प्रचलित स्केलको तलब नदिएको मात्र होइन, त्यसको आधा भन्दा कम तलब दिएर शिक्षकहरूको शोषण गरेका छन् । आधाभन्दा बढी निजी विद्यालयहरूले तलब, कम मात्र दिंदैनन्, दुई वा तीन महीना पछि दिन्छन्। सञ्चयकोषको कुनै व्यवस्था छैन। ग्रेड थपिंदैन । अभिभावकहरूसँग विद्यालय विकास शुल्क वा वार्षिक शुल्कको नाममा असुल्ने शुल्कबाट केही रकम मात्र खर्च गरेर बाँकी आफ्नो गोजीमा हाल्ने गर्छन्। पेन्सन वा उपदानको त कल्पना गर्नु पनि बेकार छ। दुईचार दिन बढी बिरामी पर्दा सहयोग गर्नुको साटो सार्वजनिक बिदा समेतको तलब काटिएको प्रमाण यसै वीरगंज महानगरपालिकाको एक विद्यालयको छ।

सरकारले तयार गरेको निजी विद्यालय विनियमावलीमा विद्यालयले प्रदान गर्नुपर्ने सेवा–शर्त उल्लेख गर्नुपर्ने राखिएको छ तर त्यसलाई बाध्यकारी भने बनाइएको छैन । त्यसले शङ्का उब्जाउँछ । करारका शिक्षकलाई अस्थायी र अस्थायीलाई स्थायी गर्ने प्रावधान विद्यालय आफैंले निर्धारण गर्ने व्यवस्था झन् दुराशययुक्त छ। चाडबाड खर्च, सञ्चयकोष तथा सरकारी स्केलको तलब दिनुपर्नेजस्ता व्यवस्था संशोधित शिक्षा नियमावलीका राम्रा पक्ष हुन् । अब यसको कार्यान्वयन कसरी हुन्छ त्यो हेर्न बाँकी छ।

निजी विद्यालयहरूले लिने शुल्क, विभिन्न उपशीर्षकहरूको सूची लामो छ। मासिक शुल्कबाहेक विद्यार्थी प्रवेश गर्दा धरौटी रकम लिइन्छ जसको पारदर्शिता कहिल्यै रहेन । अभिभावकले त्यसबाट आउने ब्याज पाउँदैन, दाबी पनि गर्दैनन्। त्यस्तै एउटा शीर्षक छ–वार्षिक शुल्क । यस अन्तर्गत के के पर्छ, कहिल्यै भनिंदैन तर त्यसबाट पनि मोटो रकम असुलिन्छ। अर्को छ (परीक्षा शुल्क। एउटा मासिक, त्रैमासिक वा वार्षिक परीक्षा सञ्चालन गर्न उत्तरपुस्तिक र प्रश्नपत्र गरेर बढीमा प्रति विद्यार्थी रु २० भन्दा बढी लाग्दैन। यो हिसाबले ८ वटा विषयको रु १६० भयो । तर हरेक परीक्षा चलाउँदा प्रतिविद्यार्थी रु ३०० देखि रु ९०० सम्म असुलिन्छ। यीबाहेक प्रयोगशाला शुल्क, खेलकूद शुल्क, विद्युत् शुल्क, उपचार शुल्क, प्रयोगशाला शुल्क, मरम्मत सम्भार शुल्क, शैक्षिक भ्रमण शुल्कजस्ता विभिन्न शीर्षकमा शुल्क असुलिन्छ। तर विडम्बना के छ भने शुल्क अनुसारको न पुस्तकालय हुन्छ, न प्रयोगशाला नै । खेलकूदका निम्ति खेल मैदान नै हुँदैन। सीमित कम्प्युटर हन्छ, जसलाई पालैपालो चलाउनुपर्छ। यसरी विभिन्न शीर्षकमा शुल्क असुले पनि त्यस अनुसारको सुविधा केही विद्यालयबाहेक अरूमा पाइँदैन।

धेरैजसो विद्यालयले विद्यार्थीको पोशाक आफूले तोकेको होजियारी वा सप्लायर्समार्फत उपलब्ध गराउँछन्। प्रायः सबै विद्यालयमा विद्यार्थीको पोशाक चार थरीका हुन्छन् । दुई जोर नियमित पोशाक, एक जोर सदन पोशाक र एक जोर खेलकूद पोशाक । अझ कुनै विद्यालयमा योग गर्दा लगाउने पोशाक पनि तोकिएको हुन्छ । पोशाकको व्यापारबाटै सञ्चालकहरूले लाखौं कमिशन प्राप्त गर्छन् । विद्यार्थीले पाठ्यपुस्तक र कपी आदि सामान पनि तोकिएको पसलबाट किन्नुपर्छ। वीरगंज महानगरपालिकामा पुस्तक बिक्रीभन्दा पहिले नै कमीशन फिक्स गरी पुस्तक बिक्रेतालाई पुस्तकको नामावली उपलब्ध गराइन्छ । ती पुस्तकहरूमा कति पाठ्यक्रमबाट स्वीकृत छन् वा छैनन् त्यसको जाँच कुनै पनि निकायले गर्दैन। यस सम्बन्धमा महानगरपालिकाको शिक्षा समिति पनि मौन छ। सञ्चालकहरूले यसबाट दोहोरो कमिशन हासिल गर्छन्। पहिलो बिक्रेताबाट र दोस्रो प्रकाशकबाट। शैक्षिक सत्र शुरू हुनु अगावै प्रकाशकहरूले विभिन्न बहानामा गर्ने भव्य भोजको आयोजनाले यसै कुरालाई पुष्टि गर्छ । विद्यालयको शैक्षिक क्यालेन्डर र डायरी पनि चर्को शुल्कमा बिक्री गर्ने गरिन्छ । यसरी हुने आम्दानीबाट लगानीकर्ताहरू विद्यालय–व्यापारतिर आकर्षित हुन थालेका छन्।

अधिकांश विद्यालयले गरीब तथा जेहेन्दार विद्यार्थीलाई सहयोग भनेर अभिभावकबाट शुल्क लिन्छन् तर शिक्षा ऐन र नियमावली अनुसारको छात्रवृति वितरण गर्ने विद्यालय विरलै भेटिन्छन्। बरु आफ्नै परिवार र पद एवं शक्ति भएका व्यक्तिका सन्तानलाई चाहिं निश्शुल्क पढाउने गरिन्छ । वीरगंज महानगरपालिकाले कक्षा ९ र ११ मा छात्रवृत्ति वितरण गर्न पहल गरेको छ तर यस वर्षको छात्रवृत्ति हालसम्म वितरण गर्न सकेको छैन। यसैगरी तल्ला कक्षाहरूमा छात्रवृत्ति वितरण भयो वा भएन यसबारे सबै मौन देखिएका छन् जसले गर्दा कहिलेकाहीं विद्यायहरूमा विवाद सृजना हुने गरेको पाइन्छ।

यसैगरी निजी विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूको पेशाको सुनिश्चितता छैन । केही नाम चलेका विद्यालयबाहेक अधिकांशले विज्ञापन नै नगरी शिक्षक–कर्मचारी भर्ना गर्छन् र नियुक्तिपत्र दिंदैनन् । परिणामस्वरूप लगानीकर्तालाई मन नपरेको दिन शिक्षक ठाढै निष्कासनमा पर्छन्। विशेषगरी थप सुविधा माग्ने शिक्षक बढी जोखिममा हुन्छन् । पछिल्ला समयमा शिक्षक कर्मचारीहरू इष्टुका नाममा सङ्गठित हुन थालेपछि यसमा केही कमी भने आएको छ।

विगतका दुईतीन शैक्षिक सत्रदेखि वीरगंज महानगरपालिकामा निजी विद्यालयहरूको खरीदबिक्री बढेको छ। हाल पनि कैयन विद्यालय बिक्रीमा रहेका छन्। जग्गाको कारोबार घटेपछि त्यसका दलाल र लगानीकर्ताहरू विद्यालय व्यापारमा लागेका छन् । गत शैक्षिक क्षेत्रमा उपत्यकाका एक सयभन्दा बढी निजी विद्यालयहरू खरीदबिक्री भएको एक तथ्याङ्कले देखाएको छ । विद्यालय किनबेच हुँदा भौतिक वस्तुहरूसँगै विद्यार्थीहरूको पनि किनबेच हुने गरेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले कक्षा ९ देखि कक्षा १२ सम्मलाई माध्यमिक तह मानेको हुनाले ११–१२ मात्रै भएका उच्च माध्यमिक विद्यालयहरू यस्तो किनबेचमा उत्रेका छन् । यसरी बिक्री भएको विद्यालयको व्यवस्थापन परिवर्तन हुँदा विद्यालयमा पनि थुप्रै परिवर्तन देखा पर्छ। नयाँ व्यवस्थापकको लक्ष्य आफूले लगानी गरेको रकम जसरी भएपनि चाँडोभन्दा चाँडो असुलउपर गर्ने हुन्छ।

सरकारले शिक्षालाई अहिले जसरी व्यापार गर्न दिइराखेको छ र विद्यालयमा सरकारको उपस्थिति नहुने हो भने निजी विद्यालयहरूमा अहिलेभन्दा बढी विकृति बढ्ने छ । त्यसैले शिक्षकका पेशागत समस्याहरू समाधान गर्न र अभिभावकको चरम आर्थिक शोषणको अन्त्य गर्न सम्पूर्ण निजी विद्यालयहरू सरकारको कडा निगरानी र नियन्त्रणमा हुनुपर्छ। यसर्थ यी समस्याहरूको समाधानका लागि स्थानीय सरकारले अविलम्ब केही गर्नुपर्ने खाँचो देखिएको छ।

> **शिक्षामा भइरहेको व्यापारलाई हेर्दा विद्यालयमा सरकारको उपस्थिति नहुने हो भने निजी विद्यालयहरूमा विकृति बढ्ने छ । शिक्षकका पेशागत समस्या समाधान गर्न र अभिभावकको चरम आर्थिक शोषण अन्त्य गर्न निजी विद्यालयहरू सरकारको कडा निगरानी हुनुपर्छ ।**

गाजा युद्धविराम शुरू, स्थायी शान्तिको प्रयासमा एक खुड्किलो

सोमनाथ लामिछाने

काठमाडौं, ६ माघ/रासस

अक्टोबर ७, २०२३ अर्थात् २०८० असोज २० गते इजरायलले एउटा अकल्पनीय घटनाको सामना गर्नुपरेको थियो । गाजा क्षेत्रबाट एकाएक प्रवेश गरेका हमासका केही हजार लडाकूले बलियो इजरायली सुरक्षा तैनाथीलाई छक्याएर इजरायलको दक्षिणका किब्बुज र आसपासमा भीषण हमला गरेका थिए। यस हमलाबाट किब्बुज आलुमिम फार्ममा कार्यरत १० जना नेपाली विद्यार्थी सहित करीब १,२०० व्यक्तिको ज्यान गएको थियो । इजरायल र हमासबीच सन् २००८ यता यो पाँचौं भीषण युद्ध हो।

सन् १९४८ मा इजरायल स्थापना भएयता इजरायलमाथि यति ठूलो हमला कहिल्यै भएको थिएन। हमासका लडाकूले किब्बुजका घरघरमा प्रवेश गरेर बूढाबूढी, केटाकेटी, युवा जोकोहीको निर्ममतापूर्वक हत्या गरेका थिए भने घरबस्तीलाई खण्डहर बनाइदिएका थिए। यतिमात्र होइन, उनीहरूले २५१ जना बालबालिका, वृद्ध र युवालाई अपहरण गरेर गाजा लगेका थिए । गाजामा नाकाबन्दी गरेको, अल–अक्सा मस्जिदमा कारबाही गरेको, गाजा र पश्चिम किनारामा जबर्जस्ती बस्ती विस्तार गरेको बदलामा इजरायलमाथि आक्रमण गर्नुपरेको हमासले बताउँदै आएको छ।

यो घटनाबाट आहत भएको इजरायलले हमासविरुद्ध अक्टोबर २७ देखि भीषणरूपमा स्थल र हवाई सैन्य कारबाई थालेको थियो। हमासलाई समूल नष्ट गर्ने र बन्धकहरूलाई मुक्त गर्ने अभियानमा लागेको इजरायललाई संयुक्तराज्य अमेरिकासहित पश्चिमा देशहरूले आर्थिक, सैनिक, राजनैतिक सबै किसिमका सहायता र आड–भरोस दिएका थिए । इजरायली प्रधानमन्त्री बेन्यामिन नेतन्याहूको सरकारले हमास विरुद्ध थालेको सैन्य कारबाईले हमासले गरेको आक्रमणलाई पनि बिर्साइदिएको छ।

अन्तर्राष्ट्रिय मेडिकल जर्नल ल्यान्सेटका अनुसार, इजरायली बमबारीबाट गाजापट्टीमा मात्र ७० हजार भन्दा बढी प्यालेस्टिनीको मृत्यु भइसकेको छ। यद्यपि यो सङ्ख्याबारे फरक–फरक विवरणहरू आइरहेका छन् । हमास नेतृत्वको स्वास्थ्य मन्त्रालयले इजरायली हमलाबाट ४६,८९९ जना प्यालेस्टिनीको ज्यान गएको बताएको छ। र, मारिएका मध्ये आधाभन्दा बढी महिला र बालबालिका छन्।

एक लाख बढी प्यालेस्टिनीको अङ्गभङ्ग भएको छ । मानवीय सङ्कटको चरम स्थितिमा पुगेपनि इजरायली

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

सरकारले तिर्न बाँकी ऋण रु २५ खर्ब ३६ अर्ब

काठमाडौं, ६ माघ/रासस

चालू आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक समीक्षा अवधिसम्म सरकारको तिर्न बाँकी ऋण रु २५ खर्ब ३६ अर्ब नाघेको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको गत पुस मसान्तसम्मको ऋणको प्रतिवेदन अनुसार पछिल्लो छ महीनामा मात्र रु एक खर्ब दुई अर्ब सरकारी ऋण थपिएको छ।

"चालू आर्थिक वर्षको शुरूमा सार्वजनिक ऋण रु २४ खर्ब ३४ अर्ब नौ करोड रहेकोमा पुस मसान्तसम्म रु एक खर्ब दुई अर्ब तीन करोड थप वृद्धि भई कुल सार्वजनिक ऋणको दायित्व रु २५ खर्ब ३६ अर्ब १३ करोड पुगेको छ। जुन कुल गार्हस्थ्य उत्पादनको ४४.४६ प्रतिशत हुन आउँछ"–कार्यालयको प्रतिवेदनमा भनिएको छ।

कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५१.३१ प्रतिशत अर्थात् रु १३ खर्ब एक अर्ब ४१ करोड ७३ लाख बराबर छ। कुल गार्हस्थ्य उत्पादनसँग बाह्य ऋणको अनुपात २२.८१ प्रतिशत हो।

त्यस्तै, कुल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा ४८.६८ अर्थात् रु १२ खर्ब ३४ अर्ब ७१ करोड ४१ लाख बराबर छ। कुल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋणको प्रतिशत २१.६४ प्रतिशत हो।

सरकारले चालू आर्थिक वर्षमा कुल रु पाँच खर्ब ४७ अर्ब ऋण उठाउने लक्ष्य राखेकोमा गत पुस मसान्तसम्म रु दुई खर्ब ४० अर्ब आठ करोड ऋण प्राप्ति भएको कार्यालयले जनाएको छ। वार्षिक लक्ष्यको तुलनामा हालसम्मको ऋण प्राप्ति ४३.८९ प्रतिशत हो।

चालू आर्थिक वर्षका लागि रु तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने सरकारको लक्ष्य रहेकोमा पुस मसान्तसम्म रु एक खर्ब ८१ अर्ब पाँच करोड अर्थात् वार्षिक लक्ष्यको ५४.८६ प्रतिशत ऋण उठाइएको छ। त्यस्तै रु दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने वार्षिक लक्ष्य रहेकोमा पुस मसान्तसम्म २७.२० प्रतिशत अर्थात् रु ५९ अर्ब तीन करोड प्राप्ति भएको छ।

सार्वजनिक ऋणको साँवा ब्याज तिर्नका लागि सरकारले चालू आर्थिक वर्षका लागि रु चार खर्ब दुई अर्ब ८५ करोड विनियोजन गरेको छ। गत पुस मसान्तसम्म साँवा ब्याज तिर्न रु एक खर्ब ८२ अर्ब ४० करोड खर्च भएको छ। यो वार्षिक बजेट विनियोजनको आधारमा ४५.२८ प्रतिशत हो। कुल गार्हस्थ्य उत्पादनका आधारमा पुस मसान्तसम्म कुल ऋण सेवा खर्च ३.२० प्रतिशत रहेको कार्यालयले जनाएको छ।

२६ सय अङ्कमा पुग्दा कारोबार रकम रु छ अर्बभन्दा बढी

काठमाडौं, ६ माघ/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक आइतवार दुई हजार छ सय अङ्कभन्दा माथि उक्लिएको छ। आजको कारोबारपछि परिसूचक शून्य दशमलव ४८ प्रतिशत अर्थात् १२ दशमलव ५८ अङ्कले बढेर दुई हजार ६०१ दशमलव २१ अङ्कमा पुगेको हो।

आज विभिन्न ३२५ कम्पनीका एक करोड २९ लाख ८२ हजार ६१९ कित्ता शेयर ७२ हजार ५४० पटक खरीद–बिक्री हुँदा रु छ अर्ब २५ करोड ७२ लाख ३५ हजार ६२४ मा कारोबार भएका छन्। आजको कारोबारपछि बजार पूँजीकरण रु १४ खर्ब ३९ अर्ब ९८ करोड ९६ लाख ४७ हजार ९३२ पुगेको छ।

आज बोटलर्स नेपाल (बालाजु) लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। साथै विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ०९, साम्लिङ पावर कम्पनीको शेयर मूल्य सात दशमलव ४६, नेपाल रिपब्लिक मिडिया लिमिटेडको शेयर मूल्य सात दशमलव ३७ प्रतिशतले बढेका छन्।

साथै सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। त्यसैगरी, एनआइसी एशिया सेलेक्ट फन्ड ३० को शेयर मूल्य छ दशमलव ९३ प्रतिशत, रिभर फल्स पावर लिमिटेडको छ दशमलव ४५ प्रतिशतले घटेका छन्।

गरीब विपन्नलाई न्यानो कपडा वितरण

प्रस, वीरगंज, ६ माघ/

जाडोमा कोशी प्रदेशको सुनसरी जिल्लाका गरीब, विपन्न नागरिकलाई न्यानो कपडा वितरण गरिएको छ। गढी गाउँपालिकाका दुई सय घरपरिवार तथा दुहबी नगरपालिका–९ का ७० घरपरिवारलाई न्यानो कपडा वितरण गरिएको हो।

मेटलाइफ इन्स्योरेन्स कम्पनीको सहयोगमा ग्रामीण महिला विकास उत्सुकता मञ्च (फरवार्ड)ले न्यानो कपडा वितरण गरेको हो।

फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्थाले संयोजन गरेको कार्यक्रममा पूर्व महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री एवं सांसद भगवती चौधरी तथा मेटलाइफ नेपालका प्रतिनिधि निराजन बुढाथोकीले न्यानो कपडा वितरण गरेका थिए।

कार्यक्रममा सांसद चौधरीले आर्थिक अवस्था कमजोर भएका नागरिकको जीउधनको सुरक्षामा सबैले सहयोग गर्नुपर्ने बताइन्। उनले सामाजिक उत्तरदायित्व अन्तर्गत हरेक व्यावसायिक क्षेत्रले सामाजिक कामहरू गर्दा आर्थिक, सामाजिकरूपमा पछि परेका नागरिकको जीवनस्तर सुधार्न सहयोग पुग्ने बताइन्।

राष्ट्रिय परिचयपत्रसम्बन्धी रिट निवेदन खारेज

काठमाडौं, ६ माघ/रासस

सर्वोच्च अदालतले राष्ट्रिय परिचयपत्र कार्यान्वयनलाई रोक लगाउन माग गर्दै दायर गरेको रिट निवेदन आइतवार खारेज गरेको छ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू अब्दुल अजिज मुसलमान र नृपध्वज निरौलाको इजलासले आज उक्त रिट खारेज गर्ने फैसला गरेको हो।

अदालतले सो रिट खारेज गरेसँगै सरकारलाई काम अघि बढाउने बाटो खुलेको छ। सरकारले सामाजिक सुरक्षा भत्ता, मोबाइलको सिम कार्ड र सबै सार्वजनिक सेवा लिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेपछि त्यसविरुद्ध रिट दर्ता भएको थियो।

बाक्लो हुस्सु र शीतलहरले जनजीवन प्रभावितः सर्लाहीको बाग्मती नगरपालिकास्थित पूर्व–पश्चिम राजमार्ग क्षेत्रमा आइतवार बिहान लागेको बाक्लो हुस्सु। यहाँ लगातार बढेको चीसो र शीतलहरका कारण जनजीवन प्रभावित बनेको छ। तस्बिरः सिंगबहादुर थापा/रासस

नाला निर्माण गरिँदैः मुग्लिन–पोखरा सडक विस्तार अन्तर्गत तनहुँको व्यास नगरपालिका–३ मुख्यचोकमा नाला निर्माण गरिँदै। राजमार्ग विस्तारका लागि दमौली खण्डमा यतिबेला धमाधम काम भइरहेको छ। तस्बिरः कृष्ण न्यौपाने/रासस

'चीनसँगको सम्बन्ध उच्च प्राथमिकतामा'

काठमाडौं, ६ माघ/रासस

उपसभामुख इन्दिरा रानाले नेपाल–चीनबीचको सम्बन्ध उच्च प्राथमिकतामा रहेको बताएकी छन्। चिनियाँ नयाँ वर्षको उपलक्ष्यमा काठमाडौंमा आयोजित परेड कार्यक्रममा उपसभामुख रानाले दुई देशबीचमा सुमधुर र समस्यारहित सम्बन्ध रहेकाले उच्च प्राथमिकता दिँदै आएको धारणा राखिन्।

"नेपाल र चीनबीच घनिष्ठ, मैत्रीपूर्ण र ऐतिहासिक सम्बन्ध छ। हाम्रो सम्बन्धको जरा गहिरो र बहुआयामिक छ," उनले भनिन्, "हामी दुई देशबीचको सुमधुर र समस्यारहित सम्बन्धबाट धेरै खुशी छौं र हामी चीनसँगको सम्बन्धलाई उच्च महत्त्व र प्राथमिकता दिन्छौं।"

उपसभामुख रानाले नेपाल सधैं एक चीन नीतिको बलियो समर्थक रहँदै आएको पनि दोहोऱ्याइन्। "नेपाल सधैं एक चीन नीतिको बलियो समर्थक रहँदै आएको छ र भविष्यमा पनि यसमा प्रतिबद्ध रहनेछ," उनले भनिन्, "नेपाली भूमि प्रयोग गरी चीनविरुद्धको कुनै पनि गतिविधि हुन नदिने हाम्रो नीति र प्रतिबद्धतामा हामी दृढ छौं।" उनले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वतन्त्रताप्रति चीनले गरेको निशर्त सम्मानको नेपालले सधैं कदर गर्ने बताइन्।

दुई देशले उच्चस्तरीय भ्रमण र कार्यक्रमको नियमित आदानप्रदानबाट द्विपक्षीय सम्बन्धमा ऐतिहासिक प्रगति र गतिशीलता हासिल गरेको चर्चा गर्दै उपसभामुख रानाले औपचारिक भ्रमणका क्रममा भएका महत्त्वपूर्ण निर्णय र सहमतिहरूले द्विपक्षीय सम्बन्ध र सहयोगमा नयाँ गतिशीलता ल्याउने विश्वास पनि व्यक्त गरिन्।

उपसभामुख रानाले चीन र नेपाल, दक्षिण एशिया, दक्षिण पूर्व एशिया र मध्य एशियाका अन्य देशहरूबीचको सम्पर्क विस्तारका लागि ट्रान्स हिमालयन प्लेटफर्मको कार्यान्वयनलाई तीव्रता दिन चाहेको धारणा राखिन्।

चीनका राजदूत छन सोङले चीन–नेपाल कूटनीतिक सम्बन्धको ७०औं वार्षिकोत्सव र चिनियाँ नयाँ वर्ष मनाउने क्रममा आयोजित परेडले विशेष महत्त्व रहेको बताउँदै यसले दुई देशबीचको घनिष्ठ र निरन्तर बढ्दै गइरहेको सम्बन्धलाई अगाडि बढाउन उत्कृष्ट अवसर बन्ने विश्वास व्यक्त गरे। सो अवसरमा चीन र नेपालका विविध संस्कृति झल्कने प्रस्तुति पनि देखाइएको थियो।

泰米尔中国新年巡游
चिनियाँ नयाँ वर्ष परेड माघ ६

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षाध्यक्षमा पण्डित नियुक्त

महेन्द्रनगर (धनुषा), ६ माघ/रासस

वरिष्ठ स्त्रीरोग विशेषज्ञ प्राध्यापक डा रामनरेश पण्डितलाई मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षाध्यक्ष (रेक्टर) पदमा नियुक्त गरिएको छ।

प्रतिष्ठानका उपकुलपति प्राध्यापक डा अङ्कुर साहको सिफारिशमा प्रतिष्ठानका सहकुलपति एवं मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुघ्नप्रसाद सिंहले पण्डितलाई उक्त पदमा नियुक्त गरेका हुन्।

चिकित्साशास्त्रमा २३ वर्ष बिताएका पण्डित वरिष्ठ स्त्रीरोग विशेषज्ञका रूपमा परिचित छन्। उनले आजै पदभार ग्रहण गरेका छन्।

यस अघि प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशकको जिम्मेवारी सम्हालिसकेका उनको कार्यकाल पाँच वर्षको रहनेछ। प्रतिष्ठानमा लामो समयदेखि शिक्षाध्यक्ष पद रिक्त रहेको थियो। पण्डितको नियुक्तिपछि अब प्रतिष्ठानको शैक्षिक कार्यमा सुधारको अपेक्षा गरिएको छ।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानमा यसै वर्षदेखि एमबिबिएस पढाइ शुरू भएको छ। पहिलेदेखि नै चिकित्सा विज्ञानका चार विभिन्न विषयमा स्नातक तथा स्नातकोत्तरको पठनपाठन हुँदै आएका छन्।

सीसी र चक्की भिटामिनको भ्रम

विचार

डा अरुणा उप्रेती

> **तर प्रायः मानिसहरू घरमा फलेको मेवा खान छोडेर, औषधिपसलमा गएर पाचन गराउने औषधि, विभिन्न भिटामिनका झोल, शक्ति दिने झोल, सुत्केरी महिलालाई दूध बढाउने झोल, बालबालिकालाई भोक लगाउने झोल भनेर अनेकथरीका थरीथरीका बट्टाहरू किनेका पाइन्छन् ।**

"डाक्टर साहेब, मलाई कमजोरी भइरहेछ, कुनै भिटामिन वा टनिक लेखिदिनुस् न ।" यो वाक्य अस्पताल, हेल्थपोस्ट र क्लिनिकमा काम गर्ने चिकित्सक वा स्वास्थ्य कार्यकर्ताले प्रायः सुन्नुपर्छ । हातमा ठूला राम्रा टनिकका सीसी लिएर घरपरिवारका बालबालिका वा बिरामीबाट भर्खर तङ्ग्रिन लागेका व्यक्तिलाई खुवाउने प्रचलन अहिले गाउँशहर सबै ठाउँमा बढ्दो छ ।

पहिले सुत्केरीलाई ज्वानोको झोल खुवाएर दूध पर्याप्त मात्रामा आउँथ्यो । क्याल्शियम पनि हुन्थ्यो । तर अहिले ज्वानोको नाममा नाक खुम्च्याइन्छ तर महँगा क्याल्शियमका चक्की भने मज्जासँग खुवाइन्छ । त्यसैगरी, बढी भिटामिन खुवाउनुपर्छ भनेर मानिसहरू जताततै भिटामिनको खोजीमा छन् । कतिचोटी ग्राहक आफैं औषधिपसलमा गएर भन्छन्, "मलाई कमजोरी भएको छ, कुनै तागतको झोल दिनुस् न ।" औषधिपसलेले कुनै 'कुनै रङ्गीन झोल' निकालेर दिन्छ र ग्राहक खुशी हुँदै 'तागतको सीसी' लिएर फर्कन्छन् ।

विशेषगरी गाउँघरतिर महिला ढाड दुख्नेदेखि लिएर मुटु पोल्नेसम्म जुनसुकै प्रकारको शारीरिक अस्वस्थतामा पनि भिटामिन प्रयोग गर्छन् । शहरका महिलाले पनि आफैं 'दुब्लो भएँ, मोटाउने भिटामिन दिनुस् न' भन्दै औषधिपसलबाट किनेर ल्याउँछन् । गाउँमा स्वास्थ्य शिविर सञ्चालन गर्दा कतिचोटी महिला खास कुनै समस्या नभए पनि कमजोरी भयो भनेर आउँछन् र भिटामिनको माग गर्छन् । यदि उनीहरूलाई भिटामिन नदिने हो भने "कस्तो डाक्टर होला । केही रोग छैन भनेर भिटामिन दिएन" भनेर गुनासो गरेको पनि सुनिन्छ । त्यसैगरी, बच्चाले भात खाएन भनेर बजारको औषधि खुवाए भात र रोटीले पाउने पोषण पुग्छ भन्ने ठान्छन् ।

भिटामिन मानव शरीरको लागि एकदमै नभई नहुने तत्त्व हो । त्यस शब्दको उत्पत्ति नै ल्याटिनको भाइटल (अत्यन्त आवश्यक) शब्दबाट भएको हो । भिटामिन मानव शरीरलाई अत्यन्त कम मात्रामा चाहिन्छ भन्ने त सबैलाई थाहा छ तर यो हामीले दिनदिनै खाने भोजनबाट नै प्राप्त हुन्छ र यसको बढी प्रयोग गरेर धेरै फाइदा हुँदैन भन्ने कुराचाहिं कमैलाई थाहा छ । त्यसैले त उनीहरू त्यसको पूर्ति हेर्दा आकर्षक देखिने तर महँगा र अनावश्यक झोलहरूले हुन सक्दैन भन्ने तथ्यतर्फ कमैको ध्यान गएको पाइन्छ ।

गर्भवती र सुत्केरी आमालाई सबै पौष्टिक तत्त्व एवं भिटामिनहरू बढी चाहिन्छन् भन्ने कुरा पनि प्रायः सबैलाई थाहा हुन्छ, तर ती आवश्यक तत्त्वहरू प्राकृतिक भोजनमैं धेरै हुन्छन् भन्ने कुरामा कमैले ध्यान पुर्‍याएका देखिन्छन् । आमा पनि चाहे काखको बच्चा होस् चाहे बढ्ने बच्चा सबैलाई भिटामिन झोल र टनिक दिएर सन्तुष्ट हुन्छन्, बच्चालाई पोषण दिइरहेको ठान्छन् । बुबाआमा कमैलाई थाहा छ– भान्सामा भएको भोजन नै बच्चालाई सबैभन्दा उपयुक्त हुन्छ ।

आधुनिक चिकित्सा विज्ञानका पिता हिपोक्र्याटसले भनेका थिए, "भोजन नै औषधि हो ।" विभिन्न विज्ञापनका भरमा औषधि किनेर खाने प्रचलन र घरको खानेकुराले मात्रै हाम्रो शरीर कमजोर हुन्छ भन्ने गलत मानसिकताका कारणले नै मानिसहरू सीसी र चक्की भिटामिन औषधि किनेर खान्छन् । हाम्रा करेसाबारीमा फलेका हरिया तरकारी, बजारमा पाइने मौसम अनुसारका फलफूल आदिलाई बेवास्ता गरेर हामीहरू धेरैजसो स्वास्थ्य राम्रो पार्नका लागि बजारका टनिक किनेर खान्छौं ।

भिटामिनको प्रयोग गर्दा चक्कीभन्दा रङ्गीन झोल वा टनिकहरू बढी फाइदाजनक र झोलभन्दा बढी भिटामिनका सुई फाइदाजनक हुन्छन् भन्ने गलत धारणाले गर्दा गाउँघरमा प्रत्येक रोगको लागि भिटामिनका सुई लिने प्रचलन पनि धेरै मात्रामा छ । अनेक भ्रामक र अज्ञानताको कारणले पछिल्लो समय गाउँघरमा पनि सस्ता पोषक खानेकुराहरू छाडेर महँगा झोल तथा सुईका पछाडि दौडिनेक्रम बढ्दै गएको छ । यस्तो चलन बढ्नुको एउटा कारण रेडियो, पत्रपत्रिका र टिभीजस्ता सञ्चारमाध्यमहरूमा हर्लिक्स, बुस्ट, बोर्नभिटाजस्ता भिटामिनहरूको प्रचारप्रसार अत्यधिक हुनु पनि हो ।

भिटामिन 'ए'को कमीले हुने राति अन्धो हुने रोगको लागि भिटामिन 'ए'को क्याप्सुल बाँडिन्छ । तर तपाईंको घरको बारीको फल मेवा वा अम्बा खाउँ है भनेर भनिंदैन । जुन ठाउँमा पर्याप्त मात्रामा अमला पाइन्छ, त्यो ठाउँमा भिटामिन 'सी'को चक्की बेचिन्छ, महँगोमा । सस्तोमा पाइने अमला भिटामिन 'सी'भन्दा धेरै सस्तो भएर पनि बेवास्ता गरिन्छ ।

मानिसहरूले आफ्नो धेरै कमाइ भ्रममा परेर यस्ता रङ्गीन झोलमा खर्च गरिरहेका छन् । औषधिपसलमा गएर रङ्गीन झोल किन्नुभन्दा अगाडि तपाईं चिकित्सकलाई सोध्नुस्, "के वास्तवमा नै मलाई भिटामिन जरुरी छ ?" भोक लगाउने टनिक आफूले खानुभन्दा अघि वा परिवारका सदस्यहरूलाई दिनुभन्दा अघि सोच्नुस्, "के यो वास्तवमा तपाईंलाई चाहिन्छ ? के यसका सम्पूर्ण कुप्रभावहरूबारे तपाईंलाई जानकारी दिइएको छ ?" कतिपय विकसित देशहरूमा कुप्रभाव पर्छ भनेर भनिएका यस्ता भिटामिनका चक्की वा झोलहरू नेपालमा प्रश्रयका साथ बिक्री वितरण भइरहेका छन् । सन्तुलित भोजनबाट नै सबैखाले भिटामिनहरू पाउन सकिन्छ भनेर बुझ्न सक्यो भने भिटामिन झोल र टनिकको कसैलाई पनि जरुरत हुँदैन ।

त्यसैगरी, धेरै मानिस भोजन भनेर पाचन गराउने रस किनेर खान्छन् । तर घरमैं भएका खानेकुरा ज्वानो, हिङजस्ता तत्त्वहरूको प्रयोग गरे पनि पच्ने प्रक्रिया राम्रो हुन्छ भनेर धेरै थोरैलाई मात्र थाहा हुन्छ होला । युवापुस्तामा त यस्ता कुराहरूमा कमैले चासो दिएको पाइन्छ । तराईमा घरघरमा पाइने मेवा पाकेर झरिरहेका हुन्छन् । त्यसलाई हेरेर आँखा तर्काएर हिंड्नेहरूलाई थाहा छैन कि मेवा कस्तो औषधि, पाचन रस र भिटामिनले भरिएको खानेकुरा हो भनेर । खाना पचाउने भनेर थरीथरीका सीसीहरू बजारबाट किनेर ल्याउनेहरूलाई थाहा छ कि छैन । मेवामा शरीरका भोजन पचाउन चाहिने सबै पाचन रस जस्तै– पापायिन, खिम्मोपापिन आदि हुन्छन् ।

NOW
IRON-FREE**
Liquid Multi
WITH XYLITOL
Liquid Vitamin & Mineral
·Fast Absorption
·Added Phytonutrients
·Stabilized with Rice Protein
·Wild Berry Flavor
16 FL. OZ. (473 mL)
A Dietary Supplement
Vegetarian/Vegan

मेवालाई विभिन्न ठाउँमा विभिन्न तरीकाले प्रयोग गरिन्छ । कतै पाकेको, कतैकतै पाकेको फललाई झोल बनाएर खाइन्छ, कतै काँचो मेवालाई तरकारी वा अचार बनाएर खाइन्छ । जसरी खाए पनि यसले शरीरको रोग प्रतिरोधात्मक शक्ति बढाउने मात्रा होइन कि शरीरमा रहेका अन्य समस्या जस्तो कब्जियत हुने, खाना नपच्ने समस्या हुने आदि हटाउन पनि सक्छ । मेवामा भिटामिन 'सी'को मात्रा प्रचुर रहेको हुन्छ ।

आधुनिक पाचन रसका बारेमा जानिफकार प्रोफेसर म्यकस वोल्फले क्यानडाली सिपाहीहरूमा अनुसन्धान गरेका थिए । उनले पर्याप्त मात्रामा पाचन रस भएका फलफूलहरू खान दिएका सिपाहीहरूको स्वास्थ्यमा मात्र सुधार भएन कि उनीहरूमध्ये जसलाई धेरै रुघाखोकी लागि रहन्थ्यो दुईतिहाईलाई त लामो समयसम्म रुघाखोकी नै लागेन । एकतिहाई सिपाहीलाई रुघाखोकी लागे पनि कडारूपले लागेन । प्रोफेसर वोल्फले आफ्ना विभिन्न अनुसन्धानबाट यो निष्कर्ष निकाले कि, शरीरमा पर्याप्त मात्रामा पाचन रस हुने हो भने व्यक्तिहरूको शरीरमा कीटाणुहरूले आक्रमण गरेर रोग लाग्ने सम्भावना कम हुन्छ । पाचन रस प्राप्त गर्न टाढा जानैं पर्दैन । मेवामा रहेका पर्याप्त तत्त्वहरू नै खानेकुरा पचाउन पर्याप्त छन् ।

तर प्रायः मानिसहरू घरमा फलेको मेवा खान छोडेर, औषधिपसलमा गएर पाचन गराउने औषधि, विभिन्न भिटामिनका झोल, शक्ति दिने झोल, सुत्केरी महिलालाई दूध बढाउने झोल, बालबालिकालाई भोक लगाउने झोल भनेर अनेकथरीका थरीथरीका बट्टाहरू किनेका पाइन्छन् । नेपाली उखान 'नजीकको तीर्थ हेला' भनेझैं आफूसँग भएको वस्तुको बेवास्ता गरेर त्यसको सट्टामा महँगा झोलहरू किन्नेक्रम बढिरहेको छ । यसले आर्थिकरूपमा मात्र नभई स्वास्थ्यका हिसाबले पनि फाइदा पुगेको छैन । (लेखक जनस्वास्थ्य तथा पोषणविद् हुन् । रासस)

प्रथम दाईँ महोत्सवः पोखरा पर्यटन परिषद्को आयोजनामा पोखरा महानगरपालिका–२३ स्थित मार्गी फाँटमा आयोजित प्रथम दाईँ महोत्सवमा गोरु घुमाएर दाईँ गरिंदै । तस्बिरः वासुदेव पौडेल/रासस

फरक समाचार

ओमेगा–३ को कमीले मुटु र जोर्नीमा कमजोरी

ओमेगा–३ मुटुको स्वास्थ्यका लागि आवश्यक हुन्छ । यसको कमीले हार्ट डिजिजको जोखिम बढाउन सक्छ । त्यसैले ओमेगा–३ युक्त खाना आफ्नो डाइटमा समावेश गर्नु आवश्यक हुन्छ ।

ओमेगा–३ फैटी एसिडले शरीरलाई सही तरीकाले काम गर्न मदत गर्छ । शरीरका सबै कोष सहीसँग काम गरिरहेका छन् भन्ने कुरा ओमेगा–३ ले सुनिश्चित गर्छ । विशेषगरी यो आँखाको र मस्तिष्कका कोषहरूको कार्यसँग बढी जोडिएको हुन्छ । यस कारण यसको कमी शरीरमा गम्भीर लक्षणहरूसहित देखिन्छन् ।

ओमेगा–३ को कमीका लक्षण के के छन् ?

शरीरमा यो फैटी एसिडको कमी हुँदा छालामा चिलाउने र सुक्खापन, कपाल फुस्रो र सुक्खा हुने, जोर्नी दुख्ने, कमजोरी, निद्रा नलाग्ने, आँखा सुक्खा हुने, ब्रेन फग (मस्तिष्क अस्पष्ट हुने अवस्था)का साथै कार्डियोभास्कुलर समस्या देखिन थाल्छन् ।

माछालाई यसको मुख्य स्रोत मानिन्छ, तर केही शाकाहारी खानेकुराबाट पनि यसको पूर्ति गर्न सकिन्छ ।

ओमेगा–३ युक्त शाकाहारी खानेकुरा

आलसको बीउ

नेशनल इन्स्टिच्युट्स अफ हेल्थको रिपोर्ट अनुसार आलसको बीउ ओमेगा–३ को सबैभन्दा राम्रो प्लान्ट स्रोत हो । यस्तोमा शरीरमा यसको कमी पूर्ति गर्नका लागि तपाईं दैनिक आफ्नो डाइटमा आलसको बीउ समावेश गर्न सक्नुहुन्छ ।

चिया सिड्स

ओमेगा–३ का शाकाहारी स्रोतहरूमध्ये चिया सिड्स पनि सामेल छन् । यी साना बीउलाई पेय पदार्थ, सलाद वा पानीमा भिजाएर डाइटमा समावेश गर्न सकिन्छ ।

ओखर

ओखर ALA -Alpha–Linolenic Acid ओमेगा–३ फैटी एसिडले भरिपूर्ण केही नट्समध्ये एक हो । यस्तोमा यो पोषक तत्त्व पूर्ति गर्नका लागि बिहानको खाजामा एक मुठी ओखर खानुहोस् वा यसलाई सलाद, अनाज वा बेक गरिएका फूड्समा समावेश गर्नुहोस् ।

राजमा

राजमामा पनि ओमेगा–३ फैटी एसिड हुन्छ, तर यो चिया सिड्स वा आलसको बीउजस्ता अन्य स्रोतको तुलनामा कम हुन्छ । तर राजमालाई डाइटमा समावेश गरेर तपाईं प्रोटीन, फाइबर र भिटामिनको कमी पूर्ति गर्न सक्नुहुन्छ, जसले मुटु र मस्तिष्कको स्वास्थ्यलाई राम्रो बनाउँछ ।

हरिया पातयुक्त तरकारीहरू

केही हरिया पातयुक्त तरकारीहरू, जस्तै ब्रसेल्स स्प्राउट्स, केल र पालुङ्गोमा ALA ओमेगा–३ फैटी एसिड हुन्छ । यस्तोमा विभिन्न प्रकारका हरिया पातयुक्त तरकारीहरूको सेवन गर्दा शरीरमा ओमेगा–३ फैटी एसिडको स्तर बढ्छ र अन्य स्वास्थ्य लाभ पनि प्राप्त हुन्छ ।

निकै फिल्मी छ, बाराक र मिशेलको प्रेम कथा

अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा र उनकी पत्नी मिशेल ओबामा अहिले तलाकको खबरका कारण ट्रेन्डमा छन् । आउनुहोस्, जानौं उनीहरूको प्रेमकथाको सुरुआत कस्तो थियो ।

अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामा र उनकी पत्नी मिशेल ओबामा अहिले तलाकको अफवाहको कारण चर्चामा छन् । खासगरी, मिशेल नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पको शपथ ग्रहण समारोहमा सहभागी नहुने भएपछि यो अफवाह चुलिएको हो । बाराक ओबामा भने सो समारोहमा सहभागी हुनेछन्, तर उनकी पत्नी मिशेल भने उनीसँग हुने छैनन् । बाराक र मिशेल अमेरिकाका बलियो र प्रेरणादायी पावर कपल मानिन्छन् । उनीहरूको प्रेमकथा निकै विशेष छ ।

पहिलो भेट

बाराक र मिशेलको पहिलो भेट एउटा कानूनी फर्म (ल फर्म)मा भएको थियो । यस फर्ममा मिशेल बाराककी सिनियर थिइन् । उनीहरूबीच मित्रता भयो । बिस्तारै यो मित्रता प्रेममा बदलियो । सन् १९९२ मा उनीहरूले विवाह गरे । बाराक र मिशेलको जोडी प्रेम विश्वासको प्रतीक बनेको छ ।

पहिलो डेट

मिशेल ओबामाले आफ्नो पुस्तक "बिकमिङ"मा उनीहरूको पहिलो भेटको बारेमा उल्लेख गरेकी छन् ।

मिशेलले लेखेकी छन् कि उनले बाराकको बारेमा पहिल्यै धेरै राम्रा कुरा सुनेकी थिइन् । उनी बाराकको आत्मविश्वास र गम्भीरताबाट प्रभावित भएकी थिइन् । तर उनले कहिल्यै डेट गर्ने सोच बनाएकी थिइनन्, किनभने उनी उनको सिनियर थिइन् ।

एक दिन बाराकले मिशेललाई बाहिर जान प्रस्ताव गरे । मिशेलले अचम्मित हुँदै भनिन्, "तिमी र म ?"

बाराकले हाँस्दै जवाफ दिए, "तिमी मेरी बोस होइनौं, तिमी निकै सुन्दरी छौं ।" दुई वर्षपछि उनीहरूले 'इन्गेजमेन्ट' गरे ।

बाराकले यसरी गरे प्रपोज

सन् १९९१ मा बाराकले मिशेललाई डिनर नाइटमा इन्गेजमेन्टका लागि प्रपोज गरे । यो डिनर नाइट बाराकले बार परीक्षा पास गरेको उत्सव मनाउन आयोजना गरेका थिए ।

डिनरको बीचमा बाराकले अचानक मिशेललाई इन्गेजमेन्टको प्रस्ताव गरे । त्यसपछि उनीहरूको सम्बन्धले नयाँ अध्याय शुरू गर्‍यो ।

दुई सन्तानका अभिभावक

बाराकले मिशेललाई घुँडा टेकेर इन्गेजमेन्टका लागि प्रपोज गरेका थिए । सन् १९९२ मा उनीहरूले विवाह गरे । सन् १९९८ मा उनीहरूकी पहिलो छोरी मालियाको जन्म भयो । सन् २००१ मा उनीहरू दोस्री छोरी शाशाका अभिभावक बने ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

अन्तर्राष्ट्रिय समाचार

गाजामा आक्रमण जारी

युद्धविराम अझै लागू नभएको इजरायली सेनाको दाबी

जेरुसेलम, ६ माघ/एएफपी

इजरायली सेनाले प्यालेस्टिनी इस्लामिक लडाकू समूह (हमास) विरुद्ध गाजामा आक्रमण जारी राखेको छ। समूहले रिहा हुने बन्धकको सूची उपलब्ध नगराएकोले युद्धविराम अझै लागू नभएको बताएको छ।

“आइडिएफले अहिले पनि गाजा क्षेत्रमा आक्रमण जारी राखेको छ। प्रधानमन्त्रीको निर्देशन अनुसार हमासले आफ्नो प्रतिबद्धता पूरा नगरेसम्म युद्धविराम लागू हुनेछैन”–इजरायली सेनाका प्रवक्ता रियर एडमिरल डेनियल हागारीले एक टेलिभिजन वक्तव्यमा भने।

एएफपीको फुटेजमा भने युद्धविराम लागू हुने समय मध्य शहर देइर अल–बलाहमा स्थानीय समय अनुसार ८:३० बजेपछि सयौं गाजावासीले युद्धविराम लागू भएकोमा खुशी व्यक्त गर्दै प्रदर्शन गरिरहेका छन्। धेरैले मोबाइलमा फोटो खिचिरहेका थिए, ताली बजाइरहेका थिए र एकअर्कालाई अँगालो हालेका थिए।

करीब ३० मिनेटपछि एएफपी टिभीले उत्तरपूर्वी गाजामा खैरो धूवाँको बाक्लो मुस्लो उठेको देखायो। उक्त क्षेत्रमा इजरायली सेनाले हवाई आक्रमण गरेपछि उक्त दृश्य देखिएको हो।

हमासले सम्झौता अनुरूप फिर्ता गर्ने ३३ जना बन्धकको सूची पठाउन प्राविधिक समस्याका कारण ढिलो भएको जनाएको छ। जसले गर्दा युद्धविराम समयमा पनि केही ढिलाइ भएको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले रिहा गरिने बन्धकहरूको सूची उपलब्ध नगराएसम्म युद्धविराम शुरू नहुने चेतावनी दिएका छन्।

नेतन्याहूको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ–“प्रधानमन्त्रीले आइडिएफ (सेना) लाई स्थानीय समय अनुसार बिहान ८:३० बजे (ग्रिनविच समय अनुसार ६:३० बजे) देखि लागू हुनेगरी तय गरिएको युद्धविराम, इजरायलले रिहा गरिएका बन्धकहरूको सूची प्राप्त नगरेसम्म, शुरू नहुने जानकारी गराउनु भएको छ।”

युद्धविरामका शर्तहरूप्रति आफ्नो प्रतिबद्धतालाई पुष्टि गर्दै हमासद्वारा जारी गरेको विज्ञप्तिमा भनिएको छ–“पहिलो चरणको नाम प्राविधिक कारणले सार्वजनिक गर्न ढिलाइ भएको छ। समूह सम्झौता अनुसार आफ्नो प्रतिबद्धतामा दृढ छ।”

कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा महीनौं लामो कठिन वार्तापछि युद्धविरामका लागि इजरायल र हमासबीच सम्झौता भएको हो। सम्झौता कार्यान्वयनमा केही ढिलाइ भएपनि प्रतिबद्धताबाट कुनै पनि पक्ष फिर्ता हुने अवस्था भने नभएको मध्यस्थकर्ता कतारले जनाएको छ। रासस

दुई लाख सिरियाली शरणार्थी स्वदेश फिर्ता

दमास्कस, ६ माघ/एएफपी

सिरियामा लामो समयदेखि शासन गर्दै आएका बसर अल–असदलाई सत्ताच्युत गरिएपछि अन्तरिम सरकार र सहयोगी अन्तर्राष्ट्रिय सङ्घसंस्थाको पहलमा करीब दुई लाख शरणार्थी स्वदेश फिर्ता भएका छन्।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त फिलिप्पो ग्रान्डीले गत वर्षको डिसेम्बर यता करीब दुई लाख सिरियाली शरणार्थी आफ्नो देश फर्केको पुष्टि गरे।

सन् २०२४ डिसेम्बर ८ मा राष्ट्रपति बसर अल असदको सरकार ढलेपछि जनवरी १६ सम्म १,९५,२०० सिरियाली नागरिक स्वदेश फर्किसकेका ग्रान्डीले सामाजिक सञ्जाल एक्समा पोस्ट गरेको तथ्याङ्कमा उल्लेख छ।

उनले शरणार्थी व्यवस्थापनका लागि सिरिया र छिमेकी देशहरूको भ्रमण गर्ने योजना पनि घोषणा गरेका छन्।

शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (युएनएचसिआर), संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकायको समर्थनलाई बलियो बनाउन समयसीमा निर्दिष्ट नगरिएको भए पनि क्रमिकरूपमा कार्यतालिका सावजनिक गरिने र शरणार्थीको फिर्ती तथा व्यवस्थापन गरिने छ।

यसैबीच, युएनएचसिआरका अनुसार सन् २०२४ मा पाँच लाख ५० हजारभन्दा बढी सिरियाली आफ्नो देश फर्केका छन्। फिर्ता भएका शरणार्थीमध्ये सबैभन्दा बढी हिस्सा उत्तरी अलेप्पो प्रान्तका रहेको बताइएको छ।

धेरै सिरियाली शरणार्थीले स्वदेश फर्कन चासो देखाए पनि युएनएचसिआरले शुक्रवार सार्वजनिक गरेको प्रतिवेदनमा मिश्रित भावना रहेको उल्लेख गरिएको छ। उनीहरूमध्ये धेरैले सिरियामा आफ्नो जीवन र घर पुनर्निर्माण गर्न सक्षम हुन वित्तीय तथा बन्दोबस्तीका सामानको आवश्यकतामा जोड दिएका छन्।

प्रत्युत्तरमा युएनएचसिआर र यसका साझेदार संस्थाहरूले शरणार्थीको स्वदेश फिर्तीका लागि अन्तर्निकाय योजना अघि सारेको प्रतिवेदनमा उल्लेख छ। निकायले शरणार्थी र उनीहरूलाई स्वागत गर्ने समुदाय दुवैका लागि दिगो कोष र सुरक्षा कार्यक्रमहरूको महत्त्वमा जोड दिएको छ। रासस

अमेरिकामा टिकटक सेवा बन्द

वाशिङ्टन, ६ माघ/एएफपी

अमेरिकामा टिकटकमाथि प्रतिबन्ध लगाउने तयारी भइरहेका समय टिकटकले सेवा अवरुद्धताका लागि आफ्ना प्रयोगकर्ताहरूसँग क्षमायाचना गर्दै हाललाई अमेरिकामा यो सेवा अवरुद्ध भएको घोषणा गरेको छ।

केही अमेरिकी प्रयोगकर्ताले टिकटकलाई गूगल एप स्टोरबाट पनि हटाइएको बताएका छन्।

अमेरिकामा प्रतिबन्ध लागू हुनुभन्दा केही घण्टा अघि नै सामाजिक सञ्जाल टिकटक बन्द गरिएको हो।

प्रयोगकर्ताले अमेरिकामा टिकटक खोल्दा उनीहरूको टिकटक पेजमा “तपाईं अहिले टिकटक प्रयोग गर्न सक्नुहुन्न” भन्ने एउटा सन्देश देखिन्छ। यो सन्देश टिकटकले अमेरिकामा आफ्नो सेवा बन्द भएको घोषणा गरेपछि देखिन थालेको हो।

धेरै प्रयोगकर्ताले एप स्टोरबाट पनि टिकटक हटाइएको बताएका छन्।

अमेरिकी सर्वोच्च अदालतले शुक्रवार टिकटकमाथि प्रतिबन्ध लगाउने कानूनको पक्षमा फैसला सुनाएको थियो। टिकटकको मूल कम्पनी बाइटडान्सले अमेरिकी फर्म वा कम्पनीलाई टिकटकको स्वामित्व बेचेको खण्डमा मात्र टिकटक प्रतिबन्धबाट बच्न सक्ने फैसलामा उल्लेख छ।

त्यसपछि टिकटकले एक विज्ञप्ति जारी गर्दै जो बाइडेन, ह्वाइट हाउस र न्याय मन्त्रालयले हामीलाई स्पष्टता र आश्वासन दिन असफल भएकोले सेवा अर्को व्यवस्था नभएसम्मका लागि बन्द गरिएको बताएको छ।

“सौभाग्यवश, अमेरिकी राष्ट्रपति निर्वाचित हुनुभएका रिपब्लिकन नेता डोनाल्ड ट्रम्पले पदभार ग्रहण गरेपछि टिकटक पुनः शुरू गर्ने समाधान खोज्न हामीसँग मिलेर काम गर्ने सङ्केत गर्नुभएको छ”–टिकटकले भनेको छ।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले टिकटकलाई ९० दिनको प्रतिबन्धबाट छुट दिन सक्ने आश्वासन दिएको टिकटकले जनाएको छ। रासस

आजको राशिफल

मेष कडापरिश्रम	वृष कार्यनाश
मिथुन भयचिन्ता	कर्कट राज्यलाभ
सिंह कान्तिक्षय	कन्या सुयश
तुला अलमल	वृश्चिक धनलाभ
धनु सफलता	मकर अलमल
कुम्भ रोगभय	मीन व्यापारवृद्धि

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

प्याजको बीउः महोत्तरी जिल्लाको औरही नगरपालिका–१ स्थित औरही बजारमा प्याजको बीउ बेच्दै स्थानीय किसान। यस बजारमा प्याजको बीउ पाँच किलोको तीन सय रुपैयाँ बिक्री भइरहेको छ। तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

गाजा ...

आक्रमण निरन्तर जारी थियो। गाजाका करीब २३ लाख सर्वसाधारण आफ्ना घर छाडेर टेन्टमा कष्टकर जीवन जिउन बाध्य छन्। उनीहरूका ९० प्रतिशत घर इजरायली बमबारीबाट क्षतिग्रस्त भएको सञ्चार माध्यमहरूले बताएका छन्। युद्धको यस विभीषिकाबाट बच्ने कुनै आशा छाडेका उनीहरूले अन्तर्राष्ट्रिय समुदाय समक्ष अनेक हारगुहार गरिरहे। गाजाका अधिकांश घरहरू भग्नावशेषमा परिणत भएका छन्, सडकहरू ट्याङ्क र बमबारीबाट क्षतिविक्षत छन्, विद्यालय र अस्पताल कुनै बाँकी छैनन्। एक किसिमले गाजामा जातीय सफाया गर्न चाहेको आरोप इजरायलले खेपेको छ, र अन्तर्राष्ट्रिय न्यायालयले इजरायली प्रधानमन्त्री र हमास नेतृत्वमाथि युद्ध अपराधको मुद्दा चलाएको छ।

इजरायलले हमासका नेताहरूलाई पनि गाजा र अन्यत्र छानीछानी हत्या गरिदिएको छ। यस क्रममा २०२४ अक्टोबर १६ मा हमासका नेता याया सिनवार इजरायली स्थल सेनाको कारबाईमा मारिएका थिए भने अर्का वरिष्ट नेता इस्माइल हनिएको इरान भ्रमणका क्रममा हत्या भएको थियो।

लेबनान र इरानमाथि आक्रमण

गाजामा सक्रिय हमास समूहलाई समर्थन गरेको आरोप लगाउँदै इजरायलले २०२४ सेप्टेम्बर २३ देखि लेबनानको दक्षिणी र राजधानी बेरूतका कतिपय क्षेत्रमा सक्रिय इरान समर्थित हेज्बोल्लाह लक्षित स्थल र हवाई आक्रमण गरेको थियो। यस क्रममा आठ सयभन्दा बढी सर्वसाधारणका साथै ठूलो सङ्ख्यामा हेज्बोल्लाह समूहका सदस्यहरू मारिए। हेज्बोल्लाहका नेता हसन नसरल्ला, इब्राहिम अकिलसमेत यस समूहका कैयौं वरिष्ठ सदस्यहरूको पनि ज्यान गएको थियो।

झण्डै तीन महीनाको सैनिक कारबाईपछि हेज्बोल्लाह र इजरायली सरकारबीच नोभेम्बर २७ मा युद्धविराम भएको थियो। यस क्रममा हेज्बोल्लाहले पनि इजरायली शहरहरूमा ड्रोन र क्षेप्यास्त्र प्रहार गरेर इजरायलमाथि दबाब सिर्जना गरेको थियो। तथापि, इजरायलको सैन्य सामर्थ्य अघिल्तिर हेज्बोल्लाह टिक्न सकेको थिएन।

उता मध्यपूर्वमैं युद्ध भड्किने आशङ्का निम्त्याउने गरी इरानले इजरायलमाथि २०२४ अक्टोबर १ मा १०० भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेको थियो, तर संयुक्तराज्य अमेरिकाको दबाबमा परेर इजरायलले तत्कालै प्रत्याक्रमण गरेको थिएन। तर इजरायल चुप लागेर बस्ने अवस्थामा थिएन, र उसले पनि इरानमा अक्टोबर २६ मा हवाई आक्रमण गरेर इरानभित्र क्षति गरेको दाबी गरेको थियो।

युद्धविराम, शान्तितर्फको एउटा अवसर

सन् २०२३ नोभेम्बर २४ मा कतारको मध्यस्थतामा पहिलो युद्धविराम भएको थियो। यो युद्धविरामलाई स्थायी बनाउने प्रयत्न हुँदाहुँदै नोभेम्बर ३० मा अर्थात् ६ दिनमा भङ्ग भएको थियो। यस अवधिमा हमास समूहले आफ्नो नियन्त्रणमा रहेका झन्डै १५० जना बन्धकलाई मुक्त गरेको थियो। तर यो युद्धविरामलाई दिगो बनाउने प्रयास सफल भएन, र सम्पूर्ण बन्धकलाई मुक्त नगर्दासम्म युद्धविराम नगर्ने र आक्रमण जारी राख्ने इजरायलले घोषणा गरेको थियो।

इजरायलले गाजावासीमाथि शक्तिको चरम दुरुपयोग गरेको भन्दै संयुक्तराज्य अमेरिकासमेत अन्तर्राष्ट्रिय समुदायले इजरायलमाथि दबाब सिर्जना गरे पनि इजरायली प्रधानमन्त्री टसमस भएनन्। तर अमेरिकामा राष्ट्रपति पदमा डोनाल्ड ट्रम्प निर्वाचित भएपछि मात्र इजरायलले आफ्नो नीतिमा परिवर्तन गरी युद्धविराममा सहमति जनाउन केही नरम भएको थियो। पछिल्लो युद्धविराम गराउन पनि बाइडेन प्रशासनका अलावा ट्रम्पका वार्ताकारहरू कतारमा भेला भएका थिए।

तीन चरणमा कार्यान्वयनमा ल्याइने यो युद्धविराम प्रस्तावलाई इजरायली मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ। युद्धविराम सम्झौता आज आइतवार बिहान ८.३० (इजरायली समय अनुसार) बजेदेखि शुरू हुँदैछ। युद्धविराममा प्रमुख मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको कतारले एक विज्ञप्ति जारी गर्दै गाजापट्टिमा २०२५ जनवरी १९ को बिहान ८.३० बजे (नेपाली समय अनुसार दिउँसो १२.१५ बजे) देखि युद्धविराम सम्झौता लागू हुने भएकोले युद्धरत सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ। युद्धविरामको गाजावासी र बन्धक बनाइएका परिवारले स्वागत गरिसकेका छन्।

हाल सार्वजनिक भएको प्रस्ताव अनुसार, हमासले छ हप्ताभित्र आफ्नो नियन्त्रणमा रहेका ३३ जना बन्धकलाई मुक्त गर्नेछ जसमा महिला, बालबालिका र वृद्धवृद्धा रहनेछन् भने यसको बदलामा इजरायलले पनि इजरायली जेलमा रहेका प्यालेस्टिनी कैदीबन्दी रिहा गर्दैछ। बिबिसीका अनुसार इजरायलले गाजाक्षेत्रको मुख्य भूभागबाट आफ्ना सेना फिर्ता ल्याउन शुरू गर्नेछ। विस्थापित गाजावासीलाई आफ्ना घर फर्कन दिइने छ। गाजाका लागि अत्यावश्यकीय सामान बोकेका ट्रकलाई सुरक्षा जाँचपछि प्रवेश गर्न दिइने छ। इजिप्ट–गाजा सीमामा खाद्यान्न र अन्य अत्यावश्यक सामग्री बोकेका सयौं ट्रक गाजा प्रवेशको पर्खाइमा लामबद्ध छन्। राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) ले गाजामा खाद्यान्न बोकेका ट्रकलाई निर्वाध र सहज प्रवेश दिन द्वन्द्वरत पक्षसमक्ष आह्वान गरेको छ। “गाजाका २३ लाख बासिन्दा खाद्यान्नको चरम अभावमा बाँचिरहेका छन्। उनीहरूलाई जतिसक्दो चाँडो खाद्यान्न दिएर बचाउनु जरुरी छ।”

युद्धविरामको दोस्रो चरणमा बाँकी बन्धकलाई मुक्त गरिने छ भने गाजाबाट सबै इजरायली सैनिक फिर्ता हुनेछन्। तेस्रो चरणमा भने हमासले बन्धक बनाएका तर मृत्यु भइसकेका बन्धकलाई इजरायल फिर्ता गरिने छ भने गाजाको पुनर्निर्माण अभियान शुरू हुनेछ। एक अनुमान अनुसार, हमास समूहलाई समेत सबै बन्धकको स्थितिबारे जानकारी छैन। नेपाली विद्यार्थी विपिन जोशी हमासको अपहरणमा परेका भए पनि अझै उनीबारे हमासले केही खुलाएको छैन। यद्यपि युद्धविरामको शर्तमैं बन्धक बनाइएकाहरू सबैलाई मुक्त गर्ने भनिएकोले यसपटक विपिन सकुशल रिहा हुने अनुमान गर्न सकिन्छ।

पछिल्लो युद्धविरामलाई दिगो बनाउन र गाजामा मानवीय सहायताका साथै पुनर्निर्माणका लागि के गर्ने भन्ने प्रस्ट भइसकेको छैन। गाजाको प्रशासन अब कसले सञ्चालन गर्नेछ ? हमास वा अरू कुनै निकायले ? यो प्रश्न अनुत्तरित छ, र यसमा इजरायल वा अमेरिकी प्रशासनले केही बताएको छैन। अतिशय दुःख बेहोर्न बाध्य गाजाका पीडित बासिन्दा पटकपटकका यस्ता युद्ध सधैंका लागि अन्त्य भएको हेर्न चाहन्छन्, तर यसको दिगो समाधान दुई–राज्य नै हो भन्नेमा विमति छैन।

नेपाल टेलिकम

(नेपाल दूरसञ्चार कम्पनी लि.)

दूरसञ्चार कार्यालय, घण्टाघर, वीरगंज, पर्सा

सूचना सूचना सूचना

प्रस्तुत विषयमा वीरगंज महानगरपालिकाको बजार क्षेत्रभित्र यस कार्यालयबाट वितरण गरिएका टेलिफोन लाइनहरू Copper बाट Fiber मा परिवर्तन भइरहेको र केही टेलिफोन लाइनहरू अझै Copper मैं सञ्चालन रहेका हुँदा ती टेलिफोन लाइनहरू पत्रिकामा सूचना प्रकाशित भएको मितिले १० दिनभित्र आफ्नो नाममा भएका टेलिफोन लाइनहरू यस कार्यालयमा सम्पर्क गरी Fiber मा निश्शुल्क परिवर्तन गर्न गराउनुहुन अनुरोध छ। साथै सो समयभित्र Copper बाट Fiber मा परिवर्तन नभएका टेलिफोन लाइनहरू स्वतः बन्द हुने बेहोरा जानकारीको लागि अनुरोध छ।

मेडिकल कलेजका विद्यार्थीहरूको स्वागत

प्रस, वीरगंज, ६ माघ/

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीरगंजमा नयाँ शैक्षिक सत्रमा भर्ना भएका चिकित्साशास्त्रका विद्यार्थीहरूलाई आइतवार स्वागत तथा अभिमुखीकरण गरिएको छ।

कलेजमा एमबिबिएस, बिडिएस, बिएसी नर्सिङ, बिएसी एमआइटी, बिएसी एमएलटी र बिएनएस अध्ययनका लागि भर्ना भएका विद्यार्थीहरूलाई स्वागत गरिनुका साथै कलेजको शैक्षिक वातावरणको अवस्थाबारे जानकारी गराउँदै विद्यार्थीहरूलाई अध्ययन र लगनशीलताप्रतिको जिम्मेवारी बोध गराउनका लागि अभिमुखीकरण कार्यक्रम गरिएको कलेजले जनाएको छ।

कलेजका प्रधानाध्यापक डा केएन सिंहको अध्यक्षता भएको कार्यक्रमको उद्घाटन कलेजका अध्यक्ष प्राडा जैनुद्दीन अन्सारीले गरेका थिए। उनले नेशनल मेडिकल कलेजले विद्यार्थीहरूमा निहित विशिष्ठ क्षमताको पहिचान गरी सोही अनुसार विद्यार्थीहरूको चौतर्फी विकासका लागि वातावरण बनाउने गरेको बताए।

कार्यक्रममा कलेजका प्रबन्ध निर्देशक शाहनबाज अन्सारी, भर्ना निर्देशक आबिद हुसेन अन्सारी, शैक्षिक निर्देशक डा नुसरतजहाँ अन्सारी, निर्देशक डा इशर तजहाँ, रूबी अस्मिन, उपप्रधानाध्यापक डा सरोजप्रसाद देव, डा रविशङ्कर गुप्ता, नर्सिङ डाइरेक्टर गङ्गा गुरुङलगायत विद्यार्थी, अभिभावकहरूको सहभागिता थियो।

गङ्गाजलबाट मधेसी शहीदको सालिक शुद्धीकरण

प्रस, वीरगंज, ६ माघ/

मधेसी शहीदको सालिकलाई मधेसी दलका नेताहरूले अछूत बनाएको भन्दै सिराहामा शनिवार युवा तथा नागरिक समाजका अगुवाहरूले मधेसी शहीदको सालिकलाई गङ्गाजलले शुद्धीकरण गरेका छन्।

हिजो बलिदानी दिवसको अवसरमा सिराहाको लहानमा रहेका मधेस आन्दोलनका शहीदहरूको सालिकलाई युवा तथा नागरिक समाजका अगुवाहरूले गङ्गाजल छर्केर शुद्धीकरण गरेका थिए।

मधेस जनजागरण अभियानका संयोजक रञ्जीतकुमार झाले मधेसी दलका नेताहरूले मधेसी शहीदको अपमान गर्दै आएको आरोप लगाए। उनले मधेसी युवाहरूलाई हत्या गर्ने ठूला दलका नेताहरूको पाउपूजा गर्नेहरूले मधेसी शहीदको सालिक छोएर अछूतो पारेकाले गङ्गाजल छर्केर शुद्धीकरण गरिएको बताए।

मधेसका मसिहा भनाउने उपेन्द्र यादव, महन्त ठाकुर, राजेन्द्र महतो र सिके राउतहरूले मधेस आन्दोलनका एजेन्डालाई छोडिसकेका र उनीहरू सत्ता र भत्तामा मात्र समाहित भएर काम गरिरहेको उनको आरोप थियो।

अपाङ्ग युवकलाई ह्वील चेयर प्रदान

प्रस, वीरगंज, ६ माघ/

उपकार सेवा नेपालले क्वीन ज्वेलर्स प्रालि काठमाडौंको सहयोगमा बहुदरमाई नगरपालिकाका एक अपाङ्ग युवकलाई ह्वील चेयर प्रदान गरेको छ।

बहुदरमाई नपा–८ रामनगरी निवासी २८ वर्षीय प्रजाकुमार सहनीलाई संस्थाकी अध्यक्ष विद्याकुमारी सरावगीले आइतवार निजको घरमा पुगेर ह्वील चेयर सहयोग गरेको सामाजिक अभियन्ता प्रकाश थारूले बताए। सहनीको स्वास्थ्य अवस्था ठीक नरहेको र अपाङ्गताका कारण हिंड्डुल गर्न पनि असमर्थ रहेको थाहा पाएर उनलाई क्वीन ज्वेलर्स काठमाडौंको सहयोगमा ह्वील चेयर प्रदान गरिएको उपकार सेवा नेपालकी अध्यक्ष सरावगीले बताइन्।

कार्यक्रममा संस्थाका अङ्कुर शर्मा, सुमन बगेडिया, पद्मादेवी सरावगीलगायतको सहभागिता थियो।

कपडा बैंकलाई कम्बल सहयोग

प्रस, वीरगंज, ६ माघ/

शैक्षिक शहीद मुकुन्दप्रसाद खनाल प्रतिष्ठान, पर्साका वरिष्ठ सल्लाहकार अधिवक्ता प्रकाश उपाध्यायले वीरगंज कपडा बैंकलाई कम्बल सहयोग गरेका छन्।

जाडोको समयमा दीन–दुःखी, असहायहरूलाई राहत होस् भन्ने उद्देश्यले आज पाँच थान कम्बल कपडा बैंकका अध्यक्ष लालबाबू सिंहलाई कम्बल हस्तान्तरण गरेका थिए।

Make your stay with us is a
memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

काठसहित एकजना पक्राउ

प्रस, बिरुवागुठी, ६ माघ/

पर्सागढी नगरपालिका–२ छतवनटाँडीबाट आइतवार साँझ एक थान कचडा काठसहित वनगस्ती टोलीले एकजनालाई पक्राउ गरेको छ।

विन्ध्यवासिनी कोइलाभार साझेदारी वन क्षेत्रबाट रूख काटेर साइकलबाट ढुवानी गर्दै गरेको कसूरमा सबडिभिजन वन कार्यालय, बडनिहारले पर्सागढी नपा–५ निवासी प्रमोद रामलाई पक्राउ गरेको कमान्डर जीतबहादुर तामाङले बताए।

नेता गिरीको ...

अध्यक्ष दिगम्बर गिरीको निधन भएको छ। सखुवाप्रसौनी गाउँपालिका–५ महुवन निवासी गिरीको ५५ वर्षको उमेरमा निधन भएको हो।

गिरीको नेपाल मेडिसिटी वयोधा हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको राप्रपाका पूर्वकेन्द्रिय सदस्य नगिना यादवले जानकारी दिए। केही दिन अघि उनी कहरथुवा काँवरमा निस्केका थिए। तर अचानक उनी चीसोले बिरामी भएपछि हिजो बेलुका घर फर्केका थिए।

उपचारको लागि हस्पिटल भर्ना भएका गिरीको उपचारकै क्रममा मृत्यु भएको हो।

खेलकूदको संसार

प्रधानमन्त्री कप क्रिकेटः कोशीले बागमतीलाई हरायो

बैतडी, ६ माघ/रासस

प्रधानमन्त्री कप टी–२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत आइतवारदेखि समूह 'बी'का खेल शुरू भएका छन्। समूह 'बी'को पहिलो खेलमा कोशी प्रदेशले बाग्मती प्रदेशलाई १० रनले पराजित गर्दै सुखद सुरुआत गरेको छ।

खराब मौसमका कारण १३ ओभरमा छोटयाइएको खेलमा ६४ रनको लक्ष्य पछ्याउने क्रममा बाग्मती १२ दशमलव एक ओभरमा ५३ रनमा समेटियो। बाग्मतीका लागि सविका यादवले २० र विपिशा शाहीले अविजित १२ रन बनाए।

कोशीका लागि कप्तान रूविना क्षेत्री, ज्योति दनुवार र सङ्गीता राईले दुई/दुई विकेट लिए।

फाप्ला क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको कोशीले निर्धारित १३ ओभरमा सात विकेटको क्षतिमा ६३ रन बनाएको थियो। उसका विमला मलाहाले अविजित १९ र कप्तान रूविना क्षेत्रीले १५ रनको योगदान दिइन्। बाग्मतीका लागि मनीषा उपाध्यायले ह्याट्रिकसहित चार विकेट हात पारिन्। मनीषा जारी प्रतियोगितामा ह्याट्रिक गर्ने पहिलो खेलाडीसमेत बनिन्। कोशीकी कप्तान क्षेत्री 'प्लेयर अफ दी म्याच' भइन्।

समूह 'ए'बाट एपिएफ र सुदूरपश्चिमले शीर्ष चारमा स्थान बनाइसकेका छन्। यही माघ १ गतेदेखि शुरू प्रतियोगितामा नौ टोलीको सहभागिता छ। प्रतियोगिताको उपाधि विजेताले रु पाँच लाख, दोस्रो हुनेले रु तीन लाख, प्लेयर अफ दी सिरिजलाई रु ५० हजार, उत्कृष्ट ब्याटर र उत्कृष्ट बलरलाई रु २५/२५ हजार पुरस्कार दिइनेछ।

एनआई कप : बिपिसी र ज्ञानदा विजयी

प्रस, परवानीपुर, ६ माघ/

वीरगंजको नारायणी क्रिकेट मैदानमा जारी नेशनल इन्फोटेक कप क्रिकेट प्रतियोगिता अन्तर्गत आइतवार दुईवटा खेल सम्पन्न भए। आज भएको पहिलो खेलमा वीरगंज पब्लिक कलेजले नेशनल एकेडेमीलाई आठ विकेट अन्तरले पराजित गऱ्यो। नेशनल एकेडेमीले दिएको ५९ रनको लक्ष्य बिपिसीले ८.२ ओभरमा दुई विकेटको क्षतिमा पूरा गरेको थियो।

SUPPORTED BY
MADHESH
National Infotech Cup '81
Inter College T20 Tournament
PLAYER OF THE MATCH
National Infotech Cup '81
Inter College T20 Tournament
PLAYER OF THE MATCH

बिपिसीका इरफान अन्सारीले ३० र अर्शद हुसेनले १८ रन बनाए। नेशनल एकेडेमीका विशाल गुप्ताले दुई विकेट लिए। पहिला ब्याटिङ गरेको नेशनल एकेडेमीले निर्धारित १० ओभरमा चार विकेट गुमाएर ५८ रन बनाएको थियो। नेशनलका लागि आबिद ठकुराइले ३५ र शिवचन्द्र यादवले १३ रन बनाएका थिए।

बिपिसीका जदुवंशी बैठा र एजाज अलीले समान एक/एक विकेट लिए। यस खेलको 'म्यान अफ दी म्याच' बिपिसीका इरफान अन्सारी घोषित भए।

यसैगरी, आज भएको दोस्रो खेलमा हेटौंडा स्कूल अफ म्यानेजमेन्टलाई ज्ञानदा स्कूल वीरगंजले पनि आठ विकेट अन्तरले पराजित गऱ्यो।

पहिला ब्याटिङ गर्दै हेटौंडाले सबै विकेट गुमाएर ६२ रन बनाएको थियो। ६३ रनको विजयी लक्ष्यलाई ज्ञानदाले ११.४ बलमा दुई विकेटको क्षतिमा पूरा गरी जीत हासिल गरेको थियो। यस खेलमा ज्ञानदाका मुन्ना यादव 'म्यान अफ दी म्याच' घोषित भए।

खो खो विश्वकपमा महिलातर्फ नेपाल उपविजेता

काठमाडौं, ६ माघ/रासस

पहिलोपटक आयोजना गरिएको खो खो विश्वकप प्रतियोगितामा नेपालको महिला टोली उपविजेता बनेको छ। नेपाल फाइनल खेलमा भारतसँग पराजित भएको हो।

भारतको नयाँ दिल्लीस्थित इन्दिरा गाँधी इन्डोर हलमा सम्पन्न फाइनल खेलमा नेपाल भारतसँग ७८–४० अङ्कले पराजित भएको हो। यस अघि शनिवार भएको सेमिफाइनल खेलमा नेपालको महिला टोलीले युगान्डालाई ८९–१८ अङ्कले पराजित गरेको थियो। क्वाटरफाइनल खेलमा भने नेपालले इरानलाई १०३–८ अङ्कको हराउँदै सेमिफाइनलमा स्थान बनाएको हो।

समूह 'सी'मा रहेको नेपालले पहिलो खेलमा भुटानलाई ९३–२४ अङ्कले, दोस्रो खेलमा जर्मनीलाई ७३–३४ अङ्कले, तेस्रो खेलमा श्रीलङ्कालाई ११०–१० अङ्कले तथा चौथो खेलमा बङ्गलादेशलाई ८४–२४ अङ्कले पराजित गरेको थियो।

कराँतेमा नेपाललाई छ स्वर्णसहित २५ पदक

काठमाडौं, ६ माघ/रासस

नेपालले तेस्रो अन्तर्राष्ट्रिय खुला फुल कन्टयाक्ट कराँते च्याम्पियनशिपमा छ स्वर्णसहित २५ वटा पदक जितेको छ। नेपालले छ रजत र १३ कांस्य पदकसमेत प्राप्त गरेको छ।

भारतको असम राज्यको गुवाहाटीमा भएको उक्त प्रतियोगितामा होमबहादुर राई, रसिला श्रेष्ठ, शिवानी आलेमगर, जेनो पुन, अर्जुन अधिकारी र आशिष तामाङले नेपालका लागि स्वर्ण पदक हात पारे। त्यसैगरी, विवेक नेपाली, आरोज तामाङ, सतालीराज बुढा, साम्राज्ञी चौधरी, रोजी फगामी मगर र निर्जला ओलीले रजत प्राप्त गरे।

यस्तै, सार्थक शाही, प्रलिशा प्रधान, ऐश्वर्य बुढा, इल्भा सिंह, युदिका राणा, प्रनीश बर्देवा, रेहान श्रेष्ठ, उदय परियार, महेन्द्र कार्की, अङ्कित पाठक, रोहित श्रेष्ठ, साजन नेपाली र करण औडले कांस्य पदक प्राप्त गरे।

नेपाल कबड्डी लिग : विराटनगरद्वारा काठमाडौं पराजित

काठमाडौं, ६ माघ/रासस

विराटनगर ब्यान्डिट्सले काठमाडौं म्याभरिक्सलाई पराजित गर्दै नेपाल कबड्डी लिग (एनकेएल)मा लगातार दोस्रो जीत हासिल गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)मा सम्पन्न पहिलो खेलमा विराटनगरले काठमाडौं म्याभरिक्सलाई ४४–४३ अङ्कले पराजित गर्दै विजयी भएको हो। जीतसँगै विराटनगर दुई खेलमा स्पष्ट १० अङ्क जोड्दै अङ्कतालिकाको शीर्ष स्थानमा उक्लिएको छ।

पहिलो खेलमा विराटनगरले धनगढी वाइल्डक्याट्सलाई पराजित गरेको थियो। दुई सातासम्म चल्ने उक्त प्रतियोगिताको पहिलो सिजनमा फ्रेन्चाइज टोलीको अवधारणामा विभिन्न छ शहरका छ टोली सहभागी छन्।